लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
Naya Bimarsha Weekly

वर्ष १८, अंक १७, २०८१ मंसिर १४ गते शुक्रबार (Nov. 29, 2024) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू.१०।- (संस्थागत रु.१५।-) website: www.nayabimarsha.com

## गृहमन्त्री लेखक अरुभन्दा एक कदम अगाडि



काठमाडौं/ नेपाली काँग्रेस नेता एवं गृहमन्त्रीरमेश लेखक अन्य गृहमन्त्रीहरुभन्दा एक कदम अगाडि पर्न सफल भएका छन् । हालसम्म काँग्रेसबाट योगप्रसाद उपाध्याय, खुमबहादुर खडका, पूर्णबहादुर खड्का, विमलेन्द्र निधी, विजयकुमार गच्छदार, बालकृष्ण खाँणलगायतका व्यक्तिहरु गृहमन्त्री बनेका छन् । आजसम्म कुनै पनि गृहमन्त्रीहरुले पेस नगरेको नेपाल प्रहरीर सशस्त्र प्रहरी बल नेपालसम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक गत मंसिर ८ गते आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरेका छन् । गृहमन्त्रालयले प्रहरीर सशस्त्र प्रहरी बल सम्बन्धी कानूनलाई संशोधन गर्न अर्थ मन्त्रलाय, कानून न्याय तथा संसदीय

बाँकी ७ पृष्ठमा

# उपचुनाव 'जनमतसंग्रह' जस्तै

## ■ दलहरूको अग्निपरीक्षा ■ स्वतन्त्रको भीड




भक्तपुर/ यही मंसिर १६ गते उपचुनाव हुने भएको छ । स्थानीय निकायहरुमा रिक्त रहेका विभिन्न स्थानहरुका लागि हुने उक्त उपचुनावलाई लिएर जनमतसंग्रह' जस्तै भन्न थालिएको छ । यो उपचुनावमा विभिन्न दलहरु आ-आफ्नै हैसियतमा चुनावमा होमिने वातावरण बनेका कारण पनि यसले को कति पानीमा छ भन्ने देखाउने अवस्था रहन्छ । केही स्थानमा मात्र दलहरुले गठबन्धन गरे पनि त्यसले समग्रमा खासै असर नपार्ने अवस्था देखिन्छ । यो उपचुनावमा विभिन्न व्यक्तिहरुले स्वतन्त्र रुपमा समेत उम्मेदवारी दिएका छन् । यसैगरी अघिल्लो स्थानीय निर्वाचनमा गठन नै नभएको राष्ट्रिय स्वतन्त्र पार्टीले समेत कतिपय स्थानहरुमा उम्मेदवारी दिएका कारण नयाँ भनिने दलहरुको अवस्था पनि यसले स्पष्ट गर्ने अवस्था देखिन्छ ।

यो उपनिर्वाचनलाई मुख्य दलहरुले आफ्नो प्रतिष्ठाको विषय बनाएका छन् । सरकारमा रहेका नेपाली कांग्रेस, नेकपा (एमाले) ले सबैजसो स्थानमा छुट्टाछुट्टै उम्मेदवारी दर्ता गराएका छन् । सरकारमा साझेदारी गरे पनि उनीहरुले कुनै किसिमको गठबन्धन नगरी उम्मेदवारी दिएका कारणले यो निर्वाचनमा दलहरुको हैसियत जाँचिने अवस्था छ ।

पुराना दलहरुको अवस्था एकदमै कमजोर बनेको भन्ने भाष्य स्थापित गराउन राष्ट्रिय स्वतन्त्र पार्टी लागिपरेको छ । यसैगरी स्वतन्त्र उम्मेदवारका रुपमा यसअघि जितेका काठमाडौं महानगरपालिकाका प्रमुख वालेन साह, धनगढी र धरान उपमहानगपालिकाका प्रमुखहरुको लोकप्रीयता बढेका कारण पनि अहिले विभिन्न व्यक्तिहरु स्वतन्त्र उम्मेदवारीको पक्षमा देखिएका छन् ।

नयाँ दलहरुले पनि आफूलाई स्थापित गराउने माध्यमका रुपमा यही उपनिर्वाचनलाई बनाएका छन् । खासगरी रास्वपाले पनि यो निर्वाचनलाई आफ्नो अनुकुलको अवस्थामा ढाल्न चाहिरहेको देखिन्छ । रास्वपाले आफ्ना सभापति रवि लामिछानेलाई सहकारीको रकम अपचलन काण्डमा हिरासतमा राखिएको विषयलाई पनि उठाउन चाहिरहेको छ । उपचुनावमा रास्वपाले लामिछाने हिरासतमा रहेको कुरालाई मसला बनाउन चाहिरहेको देखिन्छ ।

रास्वपाले गत स्थानीय निर्वाचनमा उम्मेदवारी दिन नपाएको अवस्थामा यो निर्वाचनलाई उपयोग गर्न चाहेको देखिन्छ । यो बेला रास्वपाले आफ्ना प्रतिकुलका काण्डहरुलाई अवसरका रुपमा लिन चाहिरहेको देखिन्छ ।

रास्वपाले यो अवसर बनाउन चाहिरहेको स्थितिमा पुराना दलहरु खासगरी नेपाली कांग्रेस, नेकपा (एमाले)

बाँकी ७ पृष्ठमा

## काँग्रेसको कोषाध्यक्षमा उमेश श्रेष्ठ



काठमाडौं/नेपाली काँग्रेस सभापति शेरबहादुर देउवाले पार्टीको कोषाध्यक्षमा उमेश श्रेष्ठलाई मनोनित गरेका छन् । काँग्रेसको १५औं महाधिवेशन आउन एक वर्ष बाँकी हुँदा श्रेष्ठ कोषाध्यक्षमा मनोनित भएका हुन् ।

पार्टीको १३औं महाधिवेशनबाट सीतादेवी यादव कोषाध्यक्ष बनेकी थिइन् । त्यसपछि १४औं महाधिवेशन भएको तीन वर्ष वितिसक्दा पनि काँग्रेसमा कोषाध्यक्ष पद खालीरहेको थियो । विधानले काँग्रेसको महाधिवेशन विशेष परिस्थिति बाहेक चार वर्षमा गर्नुपर्ने व्यवस्था गरेको छ ।

काँग्रेसमा संस्थापनइतर पक्षका नेताहरु जतिसुकै उफ्रिए पनिर नडराए पनि सभापति देउवाको अगाडि नतमस्तक बन्नुपर्ने अवस्था छ । काँग्रेस महामन्त्री गगनकुमार थापाले सभापति देउवासँग हिमचिम बढाएपछि इतरपक्ष कमजोर बनेको चर्चा चलेको छ । पार्टीको विधान अनुसार देउवाका लागि सभापति पदमारहने यो अन्तिम कार्यकाल हो ।

बाँकी ७ पृष्ठमा

## धितोपत्र बोर्डको अध्यक्षमा श्रेष्ठ



काठमाडौं/ । गत मंसिर १० गते बसेको मन्त्रिपरिषद्को बैठकले नेपाल धितोपत्र बोर्डको अध्यक्षमा स्याङ्जा घर भै हाल बुटवलमा बसोबास गर्दै आएका सन्तोष नारायण श्रेष्ठलाई नियुक्त गरेको छ ।

गत २०८० साल पुस २० गतेदेखि धितोपत्र बोर्ड नेतृत्वविहीन बन्दै आएको थियो । तात्कालिन अध्यक्षरमेश हमालको दुई वर्षे कार्यकाल पूरा भएपछि बोर्डको अध्यक्ष बन्नरस्साकस्सी चल्दै आएको थियो । तात्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारका पालाका अर्थमन्त्री बर्षमान पुनको पालामा धितोपत्र बोर्डको अध्यक्ष बन्न ५ अर्ब रुपियाँको चलखेल भएको आरोप लागेको थियो । धितोपत्र बोर्डको अध्यक्ष प्रकरणले आफ्नो सरकार ढलेको नेकपा (माओवादी केन्द्र) का अध्यक्ष दाहालले आरोप पनि लगाएका छन् ।

बाँकी ७ पृष्ठमा

## गौतमबुद्ध विमानस्थललाई राहत, पोखरालाई आहत

काठमाडौं/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको मर्मत सुधारले ३० देखि ३५ प्रतिशत उडानहरु कटौती भएका छन् । यसका कारण भैरहवाको गौतमबुद्ध विमानस्थललाई आंशिकराहत मिलेको छ । अहिले गौतमबुद्ध विमानस्थलबाट नेपाल वायु सेवा निगम, फ्लाई दुबई, कतार एयरर जजिरा एयरलाइन्सले दैनिक रुपमा उडान गर्दै आइरहेका छन् ।

गौतमबुद्ध विमानस्थल सञ्चालन भए पनि भौतिक पूर्वाधारको अभावमा यात्रुहरुले सास्ती व्यहोर्दै आइरहेका छन् । यात्रुहरुलाई स्वास्थ्य परीक्षण गर्नर श्रम गर्न काठमाडौं नै आउनु पर्ने बाध्यतारहेको छ । गौतमबुद्ध विमानस्थलमा भएको उडानले पर्यटक तथा पर्यटन व्यवसायीहरु भने उत्साहित बनेको जानकारहरुले बताएका छन् ।

चीनसँग अर्बौं ऋण लिएर निर्माण गरिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन नहुँदा नेपाल सरकारलाई साँवाब्याज तिर्न सकस परेको समाचर श्रोतले बताएको छ । पोखरा विमानस्थल एक्जिम बैंकको २६ अर्ब सहुलियत ऋणमा २०७२ मा सम्झौता भई २०७३ बाट निर्माण कार्य शुरु भै २०७९

बाँकी ७ पृष्ठमा

## भ्रमणको तयारीलाई मन्त्री राणा चीनमा



काठमाडौं/प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले मंसिर १७ गतेदेखि शुरु गर्ने चीन भ्रमणको पूर्वसन्ध्यामा परराष्ट्रमन्त्री डा.आरजू राणा देउवा हिजो विहीबार चीन प्रस्थान गरेकी छिन् ।

मन्त्री राणा देउवाले आज शुक्रबार चिनियाँ विदेशमन्त्री वाङ यीसँग चीनको छेङ्दुमा भेटवार्ता गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयबाट जानकारी प्राप्त भएको छ । उक्त भेटमा प्रधानमन्त्रीको भ्रमण तथा दुई देशको आपसी हितका विविध विषयमा छलफल हुने जानकारी मन्त्रालयले दिएको छ । प्रधानमन्त्री ओली ४० सदस्यीय टोलीको नेतृत्व गर्दै चीन भ्रमणमा जाँदैछन् । चीन भ्रमणको तयारीका लागि उनी पाँच दिन अगावै चीन गएकी हुन्।मुख्यतयाः चीनको ठूला परियोजना बिआरआई कार्यान्वयनसम्झौता गर्ने विषयमा कांग्रेस-एमालेबिच विवाद रहेकै बेला त्यसको पृष्ठभूमि तयारीका लागि परराष्ट्र मन्त्री चीनतर्फ लागेकी हुन् । उनको चीन भ्रमण सोमवार बसेको मन्त्रिपरिषद बैठकले स्वीकृत गरेको थियो । उनी शनिबार नेपाल फर्किएर पुनः सोमबार चीन प्रस्थान गर्ने कार्यतालिका बनेको समाचार स्रोतले जानकारी दिएको छ ।

अहिलेसम्म बिआरआईअन्तर्गत ऋण लिन हुने र नहुने मत विभाजित रहेको छ। बिआरआईमा नेपालले सन् २०१४ मा सैद्धान्तिक सहमति जनाएको हो। सन् २०१७ मे १२ मा नेपाल र चीनबीच बिआरआई फ्रेमवर्क समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।

यसैबीच चीनको एक उच्चस्तरीय टोली भने काठमाडौं आइपुगेको छ। सिजाङ प्रान्तस्थित विदेश मामिला कार्यालयका उपमहानिर्देशक लिउ लिनको नेतृत्वमा ६ सदस्यीय टोली मंगलबार काठमाडौं आइपुगेको हो ।

JANASHAKTI
By HR Capital Nepal

## सरकारी जग्गाः सके दर्ता नत्र सस्तोमा भाडा !

**प्रसङ्गवश**



**अनुषा थापा**

राजनीतिक पहुँचको आडमा जे गर्नपनि छुट? सरकारले तोकेको जग्गाको मूल्य लाखमा छ तर यहाँ खरिदबिक्री हुन्छ, करोडौंमा । सरकारले काठमाडौं महानगरपालिका-२६ भित्र पर्ने जग्गाको मूल्य ४३ लाख ६० हजार रुपियाँ आना कायम गरेको छ । तर, यो क्षेत्रमा जग्गा आनाको एक करोडदेखि १० करोडसम्ममा खरिदबिक्री हुन्छ ।

राजनीतिक दलको पहुँचमा केही टाठाबाठाले सरकारी जग्गामा मोज गरिरहेका छन् । गोंगबुको नयाँ बसपार्कस्थित १६१ रोपनी जग्गा सरकारको छ । त्यो जग्गा हाल ल्होत्से सहकारीको कब्जामा छ । सहकारीको अध्यक्ष दीपक कुँवरले सस्तो रकममा सो जग्गा भाडामा लिएका छन् । जग्गा नेपाल सरकारको भएपनि नयाँ बसपार्क जापान सरकारले बनाई दिएको हो ।

कुँवरले मासिक चारदेखि पाँच करोड आम्दानी गर्छन् । बसपार्कभित्र भवन बनाएर भाडामा लगाइएको छ । बसपार्कभित्र छिर्नेबित्तिकै गाडी चालकसँग रकम असुलिन्छ । यता, टिकट काटेबापत पनि ल्होत्सेले आम्दानी गर्छ । एउटा सटरबाट मासिक २० हजारदेखि तीन लाखसम्म ल्होत्सले भाडा उठाइरहेको छ ।

बसपार्कभित्र प्रवेश पाउनका लागि लोकल गाडीले तीन सय र ठूला गाडीले एक हजार रुपियाँ तिर्नुपर्छ । पार्किङ्गबापत पनि ल्होत्सले मनोमानी पैसा असुल्दै आएको छ । यात्रुले टिकट काटेको पैसाबाट ३० प्रतिशत कमिशन ल्होत्सेले लिन्छ । टिकट काट्ने काउण्टरहरु पाँच लाखदेखि १५ लाखसम्म खरिदबिक्री हुने गरेको छ ।

सरकारको १६१ रोपनीमध्ये अधिकांश जग्गा हिनामिना भइसकेको छ । ३०-३५ रोपनी जग्गा व्यक्तिको नाममा गएको बताइन्छ । ६५ रोपनीमा बसपार्क सञ्चालन भएको छ । बचेको जग्गामा ल्होत्सेले भवन ठड्याएर दरो आम्दानी गरिरहेको छ । बसपार्क सञ्चालन गरेको बापत ल्होत्सेले काठमाडौं महानगरपालिकालाई वार्षिक एक करोड १० लाख रुपियाँ तिर्छ ।

ल्होत्सेले बसपार्क सञ्चालनका निम्ति महानगरसँग ४५ वर्षको सम्झौता गरेको छ तर कानूनले त त्यो दिँदैन । यति लामो समय एउटै व्यक्तिलाई कसरी बसपार्क सञ्चालन गर्ने ठेक्का दिइयो ? दालमा केही कालो भएको निश्चित छ ।

मुलुकमा कोरोना महामारी भित्रिएपछि सरकारले दुईपटक लकडाउन

बाँकी ७ पृष्ठमा

## सम्मान र सजायको प्रावधान कार्यान्वयन गरौं !

## सम्मानित एवम् सुरक्षित जीवनयापन गरौं !!

सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ (क) तथा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १५ ले सामाजिक सुरक्षा भत्ता पाउने नेपाली नागरिकले त्यस्तो भत्ता नलिने स्वेच्छिक घोषणा गरेमा स्थानीय तहले सम्मान गर्नुपर्ने व्यवस्था गरेको छ । साथै ऐ.ऐनको दफा २२ र २३ मा विवरण ढाँटी सामाजिक सुरक्षा भत्ता लिएमा, सामाजिक सुरक्षा भत्ता दिलाउन गलत सिफारिस गरेमा, कानून विपरित भत्ता लिएमा, भत्ता बापतको रकम दुरुपयोग गर्ने कसुर गरेमा सजायको व्यवस्था गरेको छ । यस किसिमका कसुरजन्य कार्य गर्ने उपर सम्बन्धित स्थानीय तहको न्यायिक समितिमा उजुर गर्न सक्ने र यस किसिमका मुद्दा दर्ता भएको मितिले १२० दिन भित्र कारबाही र किनारा गरिसक्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।

सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २५ ले सामाजिक सुरक्षा भत्ता सम्बन्धमा अन्य प्रचलित कानून समेतका आधारमा मुद्दा चलाई कारबाही गर्न सक्ने व्यवस्था गरेको हुनाले उपरोक्त कानूनी व्यवस्थाको पूर्ण पालना गरी मर्यादित एवम् सुरक्षित जीवनयापन एवम् अपराधमुक्त समाज निर्माण गरी सुशासन कायम गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुन यस विभाग सबैमा हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं, नेपाल
टेलिफोन : ४२००८९६, ४२००८९५, ४२०००१४

# डा. बाबुराम भट्टराईको 'समृद्ध समाजवाद' अवधारणा

**डा. चूडाप्रसाद ढकाल**

९ कात्तिक २०८१ (२५ अक्टोबर २०२४) मा डा. बाबुराम भट्टराईले आफ्नो फेसबुक पोस्टमार्फत 'समृद्ध समाजवाद'को अवधारणालाई पुनः प्रस्तुत गर्दै नेपालका विशिष्ट सामाजिक चुनौतीसँग जुझ्न सक्ने विचारको खाँचोतर्फ औंल्याए। लगभग चार दशकसम्म मार्क्सवादी सिद्धान्तप्रति प्रतिबद्ध भट्टराईले आर्थिक वर्गसंघर्ष र वैज्ञानिक समाजवादको महत्त्वलाई विश्वास गर्दै आएका थिए, तर पछिल्ला दिनमा उनले परम्परागत मार्क्सवादी सिद्धान्तलाई नेपालको जटिल सामाजिक संरचनासँग प्रत्यक्ष रूपमा जोड्न कठिन ठान्दै आफ्नो दृष्टिकोणमा परिवर्तन गरेका छन्। यो लेखको उद्देश्य पूर्वप्रधानमन्त्री समेत रहेक डा. भट्टराईको नवीन सोचमा आधारित 'समृद्ध समाजवाद'को सम्भावना र सीमाहरूको समीक्षा गर्नु हो।

नेपालजस्तो बहुजातीय, बहुभाषिक र सांस्कृतिक विविधता भएको देशमा भट्टराईले अघि सारेको 'समृद्ध समाजवाद'ले सामाजिक एकता र सद्भावको निर्माणमा मद्दत पुऱ्याउन सक्ने दाबी गर्छ। परम्परागत मार्क्सवादको वर्ग संघर्षमा आधारित दृष्टिकोणलाई 'आदर्शवादी' ठान्दै उनले यसलाई वर्तमान नेपालको सन्दर्भमा ठिक नहुने बताएका छन्। भट्टराईको समृद्ध समाजवादको अवधारणाले समावेशितामा जोड दिए पनि परम्परागत मार्क्सवादले गर्ने संरचनात्मक परिवर्तनलाई पूरा गर्न सक्ने छैन भन्ने जबर्जस्त प्रश्न उब्जिएको छ।

डा. भट्टराईको 'समृद्ध समाजवाद'ले सबै जातीय र सांस्कृतिक समुदायलाई समेट्ने, सामाजिक स्थिरता र आर्थिक समानताको मार्गचित्र प्रस्तुत गर्न खोजेको देखिन्छ, तर के यस्तो दृष्टिकोणले नेपालमा कायम रहेको असमानतालाई जराकै तहमा पुगेर समाधान गर्न सक्ला त ? वा, यो केवल अस्थायी समाधानको उपाय वा मात्र सतही भुलभुलैया बन्ने हो ? यो प्रश्नमा घोत्लिन जरुरी देखिन्छ।

नेपालमा आर्थिक, सामाजिक र राजनीतिक असमानता गहिराइसम्म व्याप्त छ। परम्परागत मार्क्सवादमा आधारित वर्गसंघर्षको सिद्धान्तले असमानताको संरचनालाई पिँधकै तहबाट सम्बोधन गर्न वैज्ञानिक दृष्टिकोण अपनाउँछ, तर भट्टराईको नयाँ दृष्टिकोणले समावेशिता र सहकार्यलाई केन्द्रमा राखेर एउटा व्यावहारिक सोचलाई जोड दिएको छ। यद्यपि यसले केही समयका लागि सामाजिक शान्ति ल्याउन सक्ला, तर के यसले वर्गीय संरचनालाई नै पुनर्संरचना गरेर दीर्घकालीन परिवर्तन ल्याउन सक्छ त ? यस्तो देखिँदैन, बरु यसले सतही समस्या समाधान गर्ने सम्भावना मात्र पो राख्छ कि भन्ने प्रश्न मजबुत रूपमा उठ्छ।

यस प्रकार डा. भट्टराईको विचार परिवर्तनको प्रतिक्रियास्वरूप, मार्क्सवादी वृत्तमा गहिरो बहस चल्दै आएको छ। कतिपयले यसलाई मार्क्सवादको क्रान्तिकारी दृष्टिकोणबाट स्खलन मानेका छन् भने, नेपालको वर्गीय संघर्षले गहिराइमा रहेको आर्थिक विभाजनलाई समाप्त गर्न संरचनात्मक परिवर्तनको माग गर्दै गर्दा कतिपयले भट्टराईको समृद्ध समाजवादको अवधारणालाई सुधारवादी र मध्यमार्गी दृष्टिकोणका रूपमा आलोचना गरेका छन्। यसरी सर्सती हेर्दा भट्टराईको समृद्ध समाजवादको नाराले समाजलाई क्रान्तिकारी परिवर्तनको सट्टा केवल अस्थायी सुधारतर्फ धकेल्ने र क्रान्तिको बलियो आधारलाई कमजोर बनाउने खतरा बढाएको देखिन्छ।

यद्यपि, नेपालजस्तो विविधतायुक्त समाजमा भट्टराईको 'समृद्ध समाजवाद'मा विविध समूहको सहभागिता, सामाजिक सहकार्य र समता निर्माणको सम्भावना अवश्य छ। र, यसले सामाजिक विभाजनलाई केही हदसम्म अस्थायी रूपमा सम्बोधन गर्न सक्ला, तर समृद्ध समाजवादको सहकार्यमा आधारित यो दृष्टिकोणले दीर्घकालीन न्यायको मापदण्डलाई कायम राख्न नसक्ला कि भन्ने बलियो प्रश्न उब्जिन पुगेको छ। सट्टामा, यसले आर्थिक असमानतालाई व्यवस्थित तरिकाले सम्बोधन नगरीकन केवल सामाजिक एकतामा जोड दिन्छ भने यो केवल सुधारवादी मोडल मात्र साबित हुन सक्छ। पारम्परिक मार्क्सवादीहरूले यसलाई क्रान्तिकारी मर्मप्रतिको बेइमानीको रूपमा हेर्न सक्छन्।

नेपाली समाजको आर्थिक र सामाजिक यथार्थले अवश्य पनि व्यावहारिक दृष्टिकोणको माग गर्छ। साथै यसले समृद्ध समाजवादको मोडलले देशका विविध जातीय समूह र वर्गलाई एकताबद्ध राख्न केही हदसम्म योगदान पनि गर्न सक्ला; छोटो अवधिका लागि सामाजिक शान्ति र स्थायित्व पनि ल्याउन सक्ला। जबसम्म यसले असमानताको जरोमा पुगेर परिवर्तन गर्ने प्रयास गर्दैन, समृद्ध समाजवादको स्थायित्व सीमित रहन सक्छ। यसले समाजलाई केही समयका लागि सान्त्वना दिनेछ, साथै मार्क्सवादको कडा र वैज्ञानिक परिवर्तनको मर्मलाई कमजोर बनाउने खतरा समेत अवश्य राख्छ।

गहिराइमै पुगेर वर्गीय संरचनालाई सम्बोधन नगरेसम्म समृद्ध समाजवादले समाजमा रहेको असमानतालाई दीर्घकालीन रूपमा हटाउन सक्षम हुनेछैन; सामाजिक सद्भाव र स्थायित्व कायम गर्न थोरबहुत सहयोग भने गर्ला। यसरी भट्टराईको समृद्ध समाजवादको अवधारणाले समावेशितामा जोड दिए पनि परम्परागत मार्क्सवादले गर्ने संरचनात्मक परिवर्तनलाई पूरा गर्न सक्ने छैन भन्ने जबर्जस्त प्रश्न उब्जिएको छ।

समृद्ध समाजवादको सिद्धान्तले सामाजिक समानताको आश्वासनमा समाजको अस्थायी सुधारमा मात्र योगदान पुऱ्याउन सक्छ। जसले गर्दा यसलाई अस्थायी समाधानका रूपमा मात्र लिनपर्ने हुन्छ। यसरी सामाजिक समानता र आर्थिक परिवर्तनका लागि वर्गीय संघर्षलाई प्राथमिकता नदिएर केवल समावेशितामा मात्र जोड दिने समृद्ध समाजवादले नेपाललाई चाहिएको दीर्घकालीन परिवर्तनका लागि योगदान गर्न सक्नेछैन भन्ने कुरालाई पुष्टि गर्छ। डा. भट्टराईको विचारधाराको यो यात्राले हामीलाई एक गम्भीर प्रश्न सोध्न बाध्य बनाउँछ : के समृद्ध समाजवाद नेपालको मौलिक समस्या समाधान गर्ने स्थायी उपाय हो, वा यो केवल अस्थायी सुधारको दिशामा लिइएको अर्को एक हल्का कदम मात्र हो ? छलफल जारी रहोस्।

सर्सर्ती हेर्दा नेपालको बहुजातीय संरचना, आर्थिक असमानता र राजनीतिक अस्थिरताको परिप्रेक्ष्यमा भट्टराईको समृद्ध समाजवाद एक महत्त्वपूर्ण र यथार्थपरक दृष्टिकोण अवश्य हो। यसले अस्थायी शान्ति र स्थायित्व ल्याउन त सक्ला तर मार्क्सवादको वैज्ञानिक र क्रान्तिकारी दृष्टिकोणले उठाएका संरचनात्मक असमानतालाई समाप्त गर्न भने यो पर्याप्त हुनेछैन। तत्कालका लागि नेपालको भविष्यको चुनौतीहरूको सामना गर्न अस्थायी राहत दिँदै दीर्घकालीन परिवर्तन ल्याउनका लागि समृद्ध समाजवादले नेपालको विविध सामाजिक समूहबिच तत्कालीन सहकार्यलाई प्रोत्साहन गर्न समेत सक्ला, तर यो सहकार्यमा गहिरो आर्थिक असमानतालाई चुनौती दिन सक्ने आधारभूत तत्त्व भने झनै हराउँदै जाने चुनौती देखिन्छ।

यस प्रकार भट्टराईको 'समृद्ध समाजवाद'को अवधारणा भलै नेपालको सामाजिक शान्तिका लागि महत्त्वपूर्ण होस्, यसले आधारभूत परिवर्तनको मर्मलाई पूरा गर्नेमा भने कुनै गुन्जाइस देखिँदैन। मार्क्सवादले वर्ग संघर्षलाई परिवर्तनको केन्द्रबिन्दु मान्छ, जबकि समृद्ध समाजवादले सहकार्य र समावेशितामा जोड दिन्छ। यसले वर्गीय संरचनामा आधारित असमानतालाई हटाउन प्रयास गर्नुभन्दा पनि केवल सामाजिक सद्भाव र स्थिरता कायम गर्न बढी प्रयास गरिरहेको प्रतीत हुन्छ। यसर्थ समृद्ध समाजवादलाई परम्परागत मार्क्सवादको वैज्ञानिक र परिवर्तनकारी प्रभावको सट्टा, केवल अस्थायी सुधारको माध्यम मात्र मान्न सकिन्छ।

अन्ततः डा. भट्टराईको समृद्ध समाजवादले नेपाललाई छोटो अवधिमा राहत र सन्तुलन त दिन सक्ला तर यसले क्रान्तिकारी दृष्टिकोणले जस्तो दीर्घकालीन र आधारभूत तहमा परिवर्तन गर्न सक्ने सम्भावना अति नै न्यून देखिन्छ। नेपालले सामना गरिरहेका गहिरा आर्थिक असमानता, वर्गीय विभाजन र सामाजिक अन्यायलाई समावेशिता र सहकार्यको माध्यमबाट मात्र समाधान गर्न सकिन्छ भन्ने मान्यता सर्सर्ती हेर्दा बढी नै व्यावहारिक लागे पनि वैज्ञानिक क्रान्तिकारी परिवर्तनका लागि भने कुनै पनि हालतमा पर्याप्त हुनेछैन। नेपालको भावी समाजवादी आन्दोलनले डा. भट्टराईको समृद्ध समाजवादलाई आदरपूर्वक स्वीकार गर्न सक्छ, तर यो मार्गले असली मार्क्सवादी परिवर्तनको गन्तव्यमा पुऱ्याउने सम्भावना भने फेरि पनि अत्यन्तै कम देखिन्छ।

यस प्रकार डा. भट्टराईको विचारधाराको यो यात्राले हामीलाई एक गम्भीर प्रश्न सोध्न बाध्य बनाउँछ : के समृद्ध समाजवाद नेपालको मौलिक समस्या समाधान गर्ने स्थायी उपाय हो, वा यो केवल अस्थायी सुधारको दिशामा लिइएको अर्को एक हल्का कदम मात्र हो ? छलफल जारी रहोस्।

# चीनबाट मित्रताको लाभ लिने कि दुश्मनी मोल्ने ?

**पूर्ण ओली**

अहिले ठूला दलले देश हितमा कुनै काम नगरेको र देश भ्रष्टचारमा चुर्लुम्म डुबेको कारणले जनता सरकारप्रति निकै आक्रोशित छन्। ब्यापारी तथा नेताहरुले देशको पैसा बिदेशमा लगेर राखेका छन् भन्ने निकै हल्लापनि चलेको छ। यही बेलामा देशको प्रधानमन्त्रीलाई बिदेशमा पैसा राखेको आक्षेप अत्यन्त गम्भिर रुपमा उठाइएको छ।

यसभन्दा अघि पनि नेपालका ठूला दलका मुख्य नेताहरुले बिभिन्न कमिसनबाट उठाइएको रकम स्वदेशमा लुकाउन नसकेर बिदेशी बैंकमा राखेको छ भनेर जनताको तहमा समेत हल्ला पुगिसकेको थियो। त्यही बिषयलाई अभियन्ता दुर्गा प्रसाईंले खुलारुपमा उद्घोष गरेर प्रमाणसहित देखाए। तर यसलाई पुष्टि गर्न कम्बोडिया सरकारबाट प्रमाण नआइकन यसैको मात्र आधारमा प्रधानमन्त्रीलाई दोष लगाउन सकिँदैन। तर यसलाई त्यसै लुकाएर पनि राख्न नसकिने भएको छ। दोष लाउने अभियानकर्तालाई भने तुरुन्त पक्राउ गरी प्रहरी हिरासतमा राखिएको छ।

जसको आफ्नो अभियानको कार्यक्रम काठमाडौंमा जनसभा गर्न भन्दा केही दिन अघिमात्र उनी थुनुवामा परेकाले त्यही आमसभालाई रोक्न पनि उनलाई तुरुन्त साइबर अपराधमा राखी थुनिएको हुनसक्छ। त्यही दिन एमालेको जनजागरण अभियान भनी प्रधानमन्त्री स्वयंले भाषण गरि जनतालाई स्पष्टीकरण दिन खोजेको देखिन्छ। तर यसबाट सर्बसाधरण जनता आश्वस्त हुन सक्तैनन्। किनकि जनताको बिश्वास अहिले दुर्गा प्रसाईंप्रति निकै बढेको छ। किनकि उनले निम्नस्तरका जनताका पीर मर्कालाई उजगार गर्दै आन्दोलन गरिरहेका छन्।

यदि सरकारले जनताका पीडालाई महसुस गरि लघुबित्त, मिटरब्याजी पीडित तथा सहकारी पीडितलाई क्षतिपूर्ति दिनेतर्फ कार्यक्रम अघि बढाउन सकेको भए या कृषकको उत्पादन बढाउने र त्यसलाई बजारीकरण गर्नेतर्फ विस्तृत योजनासहित कार्यन्वयन गरिदिएको भए गरिब जनताको सरकारप्रतिको बिश्वास बढ्ने थियो। यदि नेपाली नेताको होश समयमा खुलेन भने हामीले अत्यन्त शक्तिशाली मित्रराष्ट्र चीनको सहयोगलाई गुमाउनु पर्नेछ। चीन अहिले संसारको धनी राष्ट्र बनेको छ। महाशक्ति राष्ट्रको नम्बर एक बन्ने तरखरमा छ। बिगतमा चीनले गरेका सहयोग निस्वार्थ भावले नेपालको हितमा गरिएका थिए।

नत सरकारले संबिधान संशोधन गरेर जनताका चाहनाअनुसार देशले धान्न नसक्ने साधरण खर्च घटाउन संघीयताबाट प्रदेश संरचना हटाएको भए या नेपालमा परम्परागतको सनातन वैदिक धर्मलाई स्वीकार गर्दै धर्म निरपेक्ष हटाएको भए या समानुपातिकको नाममा नेताका खल्तीका मानिसलाई सांसद बनाएर देशको बजेट सिध्याउने र सरकारको अस्थिरता बढाउने कार्य रोकेको भए जनता केही आस्वस्त भएर सरकारका हरेक काम कारवाहीलाई समर्थन गर्ने थिए।

जनहितमा कुनै ठोस कार्य नगरी प्रधानमन्त्री छिमेकी मित्रराष्ट्र चीनको भ्रमणमा जाँदै हुनुहुन्छ। अन्तिम समयसम्म चीनमा आफूले के के बिषयमा सम्झौता गर्नेसम्म पनि सत्ताधारीको एकै मत हुन नसक्नु लज्जास्पद बिषय बनेको छ। लामो समयदेखि सम्झौता गरिएको बिआरआई जुन संसारका १३८ देशले चीनसँग सम्झौता गरी बिकासका कार्यक्रम अघि बढाइसकेका छन्। हामीले भने अहिलेसम्म यी महत्वपूर्ण योजनाहरु चीनमार्फत बनाउन चाहन्छौं जुन अनुदान ऋण जसरी हुन्छ सुरु गर्छौं सम्म पनि भन्न नसक्नु हाम्रा नेताहरु देश हितमा भन्दा अन्य देशको इशारामा चलेका छन् भनि शंका हुन्छ।

नेपाली कांग्रेसको प्राथमिकतामा भारत र अमेरिका पर्छन् तर चीन पर्दैन। त्यस्तै गरेर अहिले कम्युनिष्ट भनिएका दल पनि भारत र अमेरिकालाई खुसी पार्नैमा लागेकाले हाम्रो बिशाल छिमेकी देश चीनले नेपाललाई दिन चाहेर पनि गर्न चाहेर पनि सहयोग गर्न हिचकिचाई रहेको छ। यदि नेपाली नेताको होश समयमा खुलेन भने हामीले अत्यन्त शक्तिशाली मित्रराष्ट्र चीनको सहयोगलाई गुमाउनु पर्नेछ। चीन अहिले संसारको धनी राष्ट्र बनेको छ। महाशक्ति राष्ट्रको नम्बर एक बन्ने तरखरमा छ। बिगतमा चीनले गरेका सहयोग निस्वार्थ भावले नेपालको हितमा गरिएका थिए। ती सबै उद्योगलाई नेपाली कांग्रेसका सरकारले सबै लिलाम गरी सबैलाई बन्द गरायो। त्यसपछि पनि चीन सरकारले सहयोग यथावत राखेको छ। तर हाम्रा नेताहरु पश्चिमा देश र भारतको डरले देशको हितमा बोल्न र केही गर्न सक्तैनन्। यसको परीणाम अहिले नेपालका नदी नाला सबै भारतको नियन्त्रणमा परिसकेका छन्।

हामीले चीनसँगको कुटनीति सम्बन्ध सौहाद्र पूर्ण बनाउँदै बिआरआईलाई कार्यन्वयन गर्ने सम्झौता शिघ्र गरिनु पर्छ। यसपालि प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणमा बिआरआईलाई कार्यन्वयन गरी राष्ट्रहितका केही राम्रा योजना र पोखरा एयरपोर्टको निर्माण खर्चलाई अनुदानमा परिणत गर्न प्रयास गरियोस्। अन्य योजना पनि भरसक अनुदान नभए न्युन ब्याजमा राखेर ठोस योजना बनाइ चीनको सहयोग लिइयोस्। यस्ता महत्वपूर्ण देश हितका कार्यमा कांग्रेसको समेत सहयोग अवश्य हुनुपर्छ। यदि कांग्रेसले बाधा बिरोध हालेपनि सरकार ढल्ला भन्ने कुनैपनि डर नलिइ कार्यन्वयन गर्ने हिम्मत प्रधानमन्त्रीले गर्नुपर्छ। यसबाट देशको मात्र हित हुने होइन एमालेको पनि अवश्य हित हुनेछ। अहिलेपनि बिआरआई कार्यन्वयन नगरिँदा नेपाल र चीनसँगको मित्रता पनि पहिलाजस्तो राम्रो नरहेको र नेताहरु पनि पश्चिमामुखी भएकोले देशले भविष्यमा पनि चीनबाट कुनै सहयोग नपाउन सक्छौं।

यदि हामी संसारको शक्तिशाली देश चीन जुन हाम्रो अत्यन्त नजिकको मित्र राष्ट्र भएकोले उसँगको असल सम्बन्धले हामीलाई धेरै फाइदा हुनसक्छ भने दुश्मनीले हामीलाई अत्यन्त डरलाग्दो परिणाम आउन सक्छ। चीनको सकरात्मक सहयोगले नेपाललाई भूमरीबाट बचाउन सक्छ। हामीले चीनबाट हाम्रो उत्तर पश्चिमको भारतसँगको सिमाना बिवादमा चीनलाई जानकारी गराइ सहयोग लिन सक्छौं। खासगरी कालापानी क्षेत्रको लिम्पीयाधुराको सिमाना बिन्दु नेपाल चीन र भारतको सयुक्त सीमा टोली बनाएर एकिन गर्ने बातावरण बनाउन आबश्यक छ।

अहिलेको बुढा नेता मध्ये जनताले बढी बिश्वास गरेका हिम्मतिला प्रधानमन्त्री केपी ओली नै हुन्। तर पछिल्लो अबस्थामा प्रधानमन्त्री केपी ओलीको छविमा निकै ह्रास आइसकेको छ। यसलाई सुधार्न पनि चीनबाट नेपालले केही गतिला सहयोग ल्याउन सकौं। त्यसपछि जनताले पनि केही न केही बिश्वास गर्न सक्छन्। अन्यथा जनताले अहिलेका नेतालाई पन्छाएर भएपनि राष्ट्रप्रेमी, इमान्दार, सक्षम युवाहरुले संबिधान बदलेर भएपनि सुशासनसहितको सरकार चलाउन अत्यन्त आबश्यक भइसकेको छ।

# 'बिल दिनुस् नभए वडा कार्यालय हिंड्नुस्'

**रुषा थापा**



अहिले भाडामा बस्नेहरुले घरधनीहरुलाई भन्न थालेका छन्, 'हामीलाई बिल दिनुस् अनि मात्र भाडा तिर्छौं। नभए वडा कार्यालयमा हिँड्नुस्।' कोठा लिएर बस्दै आएकादेखि फ्ल्याट र सटर डेरामा लिई व्यापार व्यवसाय गर्दै आएकाहरुले घरधनीहरुलाई अहिले यस्तो भन्न शुरु गरेका छन्। सरकार भन्छ, 'कुनै पनि बस्तु तथा सेवा खरिदपश्चात् अनिवार्य रुपमा बिल लिनु।'

घरधनीहरुले एउटै सटरको ठाउँ अनुसार २५ हजारदेखि १९ लाख रुपियाँसम्म भाडा असुल्दै आएका छन्। खाली सटर २० लाखदेखि ६० लाखसम्म खरिदबिक्री गर्छन्। एउटा सानो अँध्यारो कोठाको ९ हजारदेखि २५ हजार र एक फ्ल्याटको ३० हजारदेखि तीन लाखसम्म असुल्छन्। बत्ती, पानी, फोहोर र इन्टरनेटको पैसा मनलाग्दी लिन्छन्। अनि सवारीसाधन राखेको पनि मासिक एक हजारदेखि पाँच हजारसम्म उठाउँछन्।

यत्रो चर्को भाडा लिएपनि डेराबाललाई कुनै पनि सेवासुविधा दिइँदैन। न कपडा सुकाउन छतमा जान दिइन्छ न पानी नै दिइन्छ। घरधनीहरुले एउटै घर भाडामा लगाएर महिनाको लाखदेखि करोडसम्म भाडा उठाउने गरेका छन्। तर, सरकारलाई घरबहाल कर तिर्दैनन्। कानूनअनुसार घरधनीहरुले मासिक रुपमा उठाउने भाडाको दश प्रतिशत कर राज्यलाई बुझाउनुपर्छ।

अहिले काठमाडौं उपत्यकासहित देशभरका घरधनीहरुले राज्यलाई राजश्व छलिरहेका छन्। उनीहरु राज्यलाई कर तिर्नुपर्छ भनेर आफ्नो घर महिनौंदेखि खाली रहेको, घरमा आफन्त सित्तैमा बसिरहेको दाबी गर्छन्। कतिपयले भने जनप्रतिनिधिलाई घुस दिएर पनि घरबहाल कर नतिरेको पाइन्छ। घरधनीहरुले डेराबालसँग लिइरहेको भाडा सरकारले निर्धारण गरेको होइन।

घरधनीहरुले आफुखुशी भाडा तोकिरहेका छन् वा असुलिरहेका छन्। घरधनीहरुको जिब्रोमा कोठा, सटर र फ्ल्याटको भाडा छ। अनि उनीहरुले मागेजति भाडा नतिर्नेबित्तिकै डेराबाल निस्किनुपर्छ। घरधनीहरु महिनौंसम्म घर खाली राख्न तयार हुन्छन् तर सस्तोमा भाडा लगाउँदैनन्। घरधनीहरुको यो लुटधन्दा अहिले शुरु भएको होइन। उनीहरुले वर्षौंदेखि डेराबाललाई यसरी नै ठग्दै आएका छन्।

घरधनीहरुको अत्याचार सहन नसकेपछि अहिले डेराबालहरुले पनि बोल्न शुरु गरेका छन्। उनीहरु घरधनीहरुलाई कानूनको दायरामा ल्याउन एकजुट हुदैं छन्। अहिले बाटोमा हिँड्दा अधिकांश घरधनी र डेराबालबीच गाइँगुइँ सुनिन्छ। घरधनीहरु भाडा मागिरहेका हुन्छन् भने डेराबालहरु वडा कार्यालयमा जाम भनिरहेका हुन्छन्। उनीहरु बिल नदिए वा वडा कार्यालय नगएसम्म भाडा तिर्दैनौं भनेर भन्छन्। अनि वडा कार्यालय जानेबित्तिकै आफूहरुले यत्रो वर्षदेखि छलिआएको राजश्व तिर्नुपर्ने डरले घरधनीहरु चुप बस्छन्।

घरधनीहरुले घरलाई आफ्नो निजी सम्पत्ति बताउँदै आएका छन्। त्यही घर भाडामा लगाएर सोझासाझा जनतालाई ठग्छन्, राज्यलाई राजश्व छल्छन्। घर निजी सम्पत्ति तबसम्म रहन्छ, जबसम्म त्यहाँ घरधनी मात्र बस्छ। भाडामा लगाइँदैन। अनि भाडामा लगाएर असुल्नु असुल्ने अनि घर मेरो निजी सम्पत्ति हो भनेर भन्न पाइन्छ ?

निजी सम्पत्ति भए किन भाडामा लगाइयो ? अब सरकारले पनि घरधनी बस्ने र भाडामा लगाउने घर छुट्याउनु पऱ्यो ? नभए यस्ता शोषक, सामन्तीहरुले निजी सम्पत्ति भन्दै जनता र राज्यलाई झनै ठग्ने छन्। त्यसो त अहिले डेराबहालमा बस्नेहरुको पनि आँखा खुल्न थालेको छ। भनिन्छ कि पाप धुरीबाट कराउँछ। भाडामा बस्नेहरुले खाइनखाई नभएर पनि घरधनीहरुलाई भाडा तिरे।

आफ्ना बालबच्चाको इच्छा, चाहना, रहर मारेर घरधनीहरुले मागेजति भाडा खनखन्ती तिरे। घरधनीहरुले भनेजति भाडा महिनाअगावै तिरेपनि डेराबालहरुले कहिल्यै सुख पाएनन्। कोठामा एक जना पाहुना आउनेबित्तिकै घरधनीहरु कराउन आइपुग्छन्। बत्ती, पानी केही नदिने अनि पैसा चाँहि नचलाए पनि दोब्बर-तेब्बर असुल्ने। घरधनीहरुले यो अन्याय डेराबालले सहनु सहे। अब उनीहरुले आवाज उठाउने थालेका छन्, घरधनीहरुको अत्याचारविरुद्ध।

हाम्रो समाजमा भन्ने गरिन्छ कि अन्याय गर्नु तर अत्याचार नगर्नु। यस्तै भएको छ डेराबहालसँग पनि। उनीहरुले घरधनीहरुको अन्याय सहे तर अत्याचार सहने छैनन्। अहिले घरधनीहरु भाडा माग्न आइपुग्दा उनीहरु सिधैं भन्छन्, 'हामी भाडा तिर्दैनौं। वडामा गए मात्रै तिर्छौं।' हिजो घरधनीबाट डेराबाल डराएर बस्नुपर्ने अवस्था थियो तर अब डेराबालबाट घरधनीहरु डराउन थालेका छन्।

भाडामा बस्ने मानिसहरु पनि जनता नै हुन्। विडम्बना, सरकारले कोठा, सटर र फ्ल्याटको भाडा निर्धारण गरेन। कुन घर भाडामा लगाउने ? कुन घर व्यापार व्यवसाय प्रयोजनका लागि दिने ? भनेर पनि घरको वर्गीकरण गरिएको छैन। घरधनीहरुले आफ्नो फाइदाका लागि जस्तोसुकै जोखिम घर भाडामा लगाएका छन्। भूकम्पले चर्किएका घर भाडामा लगाएका छन्, त्यो पनि चर्को भाडामा।

यता, चिसो, अध्याँरो कोठा पनि महँगोमा भाडामा लगाइएको छ। यस्ता कोठामा बस्दा डेराबालहरु विभिन्न दीर्घकालिन रोगको शिकार हुन पुगेका छन्। यहाँ तीन तहको सरकार छ। दुर्भाग्य तीनै तहको सरकार घरभाडा निर्धारण गर्दैन। कुन घर भाडामा लगाउने भनेर वर्गीकरण गर्दैनन्। यसले जनतालाई मात्र दुःख, कष्ट भइरहेको छैन, राज्यको ढुकुटीमा आउनुपर्ने राजश्व समेत आएको छैन।

सरकारले घरधनीहरुको हितका लागि मात्र काम गर्दै आएको छ। राज्यले डेरामा बस्ने मानिसलाई जनता नै सोचेन। त्यसैले, अब भाडामा बस्नेहरुले घरधनीहरुलाई भाडा तिर्नु हुँदैन। राज्यलाई पनि राजश्व तिर्नुहुन्न। यसो गरेपछि सरकार बाध्य हुने छ, घर भाडा निर्धारण गर्न। अब जनता आफैं आफ्नो हकअधिकारका लागि लड्नुपर्छ किनकि यहाँ मागेर केही पाइँदैन, लड्नैपर्छ।

जबसम्म हामी जनता लड्दैनौं, तबसम्म न घरधनीहरुको अत्याचारको अन्त्य हुन्छ न सरकारले नै डेराबहालको आवाज सुन्छ। त्यसकारण अब आम नागरिकले घरधनीहरुविरुद्ध आवाज उठाउनैपर्छ। यस्तालाई कानूनको दायरामा ल्याउनुपर्छ। यिनीहरुले हामी डेराबाललाई लुटेको पैसाबाट राज्यको ढुकुटी भर्नुपर्छ। राज्यले त केही गरेन, तर आफ्नो हकअधिकारका लागि आफैं लडौं। हामी भाडामा बस्ने नागरिक घरधनीहरुको दासी होइनौं। यसैले, अब घरधनीहरुको विरोधमा एकजुट हौं। राज्यलाई पनि कानून बनाउन बाध्य बनाऔं। अर्थमन्त्री विष्णुप्रसाद पौडेल भन्छन्, 'राजश्व उठेन।' सरकारले घरभाडा निर्धारण गरिदिने मात्र हो भने राज्यको ढुकुटीमा राजस्वको ओइरो लाग्ने छ। अहिले घरधनी आफैंले आफ्नो घरमा सञ्चालित व्यापार व्यवसाय दर्ता हुन दिएका छैनन्। कर तिर्नुपर्छ भनेर।

त्यसकारण सरकारले अब घर र व्यापार व्यवसाय दुवैलाई अनिवार्य रुपमा दर्ता हुनुपर्ने र नवीकरण तथा पञ्जीकरण गर्नुपर्ने कानून बनाई कडाइका साथ कार्यान्वयन गर्नुपर्छ। यति मात्र गरेमा राज्यको ढुकुटी राजश्वले भरिने छ। राज्य बनाउने भनेको पनि जनता नै हुन्। त्यसैले, अब जनताले आफ्नो हकअधिकारका लागि लडौं।


कौशलकुमार भट्टराई


कृष्ण लम्साल


पिएमणि भट्टराई


हरि शरण जमकटेल

प्रधान–सम्पादक/प्रकाशक : कौशल कुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाताः आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजकः एस. भट्टराई
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुखः स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं, फोनः ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

# आर्थिक सुधार कछुवाको गतिमा : अग्रवाल



काठमाडौं । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले अर्थतन्त्रको सुधार कछुवाको गतिमा नभई चितुवाको गतिमा हुन आवश्यक रहेको बताएका छन् । बिहीवार काठमाडौंमा आयोजित 'प्लाष्ट नेपाल २०२४'को उद्धाटन कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष अग्रवालले यस्तो बताएका हुन्। उनले आर्थिक क्षेत्रमा आमुल परिर्वतन गर्नुपर्ने अहिलेको आवश्यकता रहेको भन्दै कछुवाको गतिमा हुने सुधारले विकास गर्न नसकिने बताए।

उनले नेपालको पहिलो पटक भएको कन्ट्री रेटिङ रिपोर्टमा डबल बी माइनस रेटिङ पाउनु मुलुकको लागि सुखद् पक्ष भएको बताए। उनले दक्षिण एशियामा भारतपछि नेपाल लगानीको क्षेत्र आकर्षक भएको देखिएको बताए। उनले अब सरकारले नीतिगत सुधार गरी कार्यान्वयन ल्याएमात्रै कन्ट्री रेटिङको फाइदा दिनसक्ने बताए। उनले उच्चस्तरीय आर्थिक सुधार आयोग गठन भएर निजी क्षेत्रको पनि समावेश गरिन स्वागतयोग्य भएको उल्लेख गरे।

# बत्ती बाल्न २१ सय शुल्क !

काठमाडौं । बाला चतुर्दशी पर्वका अवसरमा नाम दर्ता गरेर पितृका नाममा बत्ती बाल्नेका लागि पशुपति क्षेत्र विकास कोषले दुई हजार १०० का दरले शुल्क लिने भएको छ। राति बस्न नसक्नेका लागि शुल्क लिएर बत्ती कुरिदिने व्यवस्थाका लागि शुल्क लिन लागेको पशुपति क्षेत्र विकास कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिए। यो व्यवस्था रुद्रगाडेश्वरमा गरिएको छ। उनका अनुसार आफैँ बत्ती कुरेर बस्नेले भने कुनै पनि शुल्क तिर्नुपर्ने छैन।

'बत्ती बालेर आफू कुर्न नसक्नेका लागि शुल्क लिएर कोषका कर्मचारीले कुर्ने व्यवस्था गरेका हौँ', उनले भने, 'विदेशमा रहेका व्यक्तिका लागि पनि बढी उपयोगी हुने ठानेर यो व्यवस्था गरेका हौँ।' यो शुल्क बत्ती, पाला, तेल, संकल्प गराउने र कुर्ने व्यक्तिका लागि खर्च हुने उनले बताए। बत्ती बाल्ने प्रयोजनका लागि शुक्रबार दिउँसो २ बजेदेखि कैलाश डाँडामा प्रवेश गराउने व्यवस्था मिलाएको कोषले जनाएको छ ।

यसैगरी यो वर्ष पशुपति क्षेत्र विकास कोषले कैलाश क्षेत्रमा पसल राख्न प्रतिबन्ध गरेको छ। विगत वर्षमा कैलाशलगायत स्थानमा पसल राख्न दिँदा दिवंगत पितृका नाममा मार्गशीर्ष कृष्ण त्रयोदशीका दिन राति बत्ती बाली



चतुर्दशीका दिन बिहान शतबीज छर्न आउनेहरूलाई असहज भएपछि यो वर्ष पसल राख्न निषेध गरिएको कोषले जनाएको छ। भुवनेश्वरीबाट वनकाली तर्फको भागमा मात्र पसल राख्न दिइने कोषका सदस्यसचिव मिलनकुमार थापाले जानकारी दिए । तोकिएका स्थानबाहेक अन्यत्र पसल राख्नेलाई कानूनी कारबाही गर्ने निर्णय काठमाडौंका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यको अध्यक्षतामा बसेको व्यवस्थापन बैठकले गरेको उनले जानकारी दिए । बाला चतुर्दशीका लागि नेपाली सेनाले पाँचवटा ठूला पाल उपलब्ध गराएको छ। पर्वका अवसरमा पशुपति क्षेत्रमा मासु, मदिराको बिक्री वितरणमा रोक लगाइएको छ ।

पशुपतिनाथको मेलाका लागि काठमाडौं महानगरपालिकाले निःशुल्क शौचालयको व्यववस्था गर्ने भएको छ। यस्तै मेलामा सहभागी हुनेलाई स्नान गर्न पुग्नेगरी पानीको व्यवस्था गराउन काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल)लाई अनुरोध गरेको कोषले जनाएको छ । मेलाका लागि सुरक्षा व्यवस्था, सवारीसाधन व्यवस्थापन, सरसफाइको व्यवस्थाका लागि पनि तयारी पूरा भएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिए। मेलामा सूचना प्रवाह, स्वास्थ्य सेवा, पानी व्यवस्थापन, बिजुली व्यवस्थापन, मेला क्षेत्रमा राखिने पसलको व्यवस्थापन, स्वयंसेवक परिचालनलगायत तयारी पनि पूरा भएको कोषले जनाएको छ ।

मार्गशीर्ष कृष्ण त्रयोदशीका राति बत्ती बालेर जाग्राम बसी भोलिपल्ट बिहान बागमतीमा सेलाएर स्नान गरी पाशुपत क्षेत्रमा शतबीज छर्ने चलन छ। यो वर्ष शुक्रबार बत्ती बाल्नुपर्ने र शनिबार बिहान शतबीज छर्नुपर्ने पञ्चांगमा उल्लेख छ ।

# बालसाहित्यको विकासमा अभिभावकको भूमिका

*आफ्ना बालबालिकालाई औपचारिक शिक्षाप्रणालीको विकास हुनुअघि लोकगीत, लोककथा, गाउँखानेकथा, लोककविता लगायत उखान टुक्का समेत प्रयोग गरेर घरमै शिक्षा दिने परम्परा थियो । संयुक्त परिवारमा हजुरबुबा हजुरआमाबाट लोककथा, गाउँखानेकथाहरु बालबालिकाले सुन्न पाउँथे । अहिले संयुक्त परिवार एकलमा परिणत भएको छ । त्यसैले बालसाहित्यको महत्व झन् बढेको छ ।*


ललिता शर्मा

**१.विषय प्रवेश**

शिक्षाको विकास मानव सभ्यताको विकाससँगै भएको पाइन्छ । मानव सभ्यताको विकासको आधारमा शिक्षाको विकासलाई व्याख्या गर्न सकिन्छ । प्राचीनकालमा पनि शिक्षाको महत्व निकै थियो । विद्या अर्थात् शिक्षा आर्जन नगर्ने वा गर्न नचाहने व्यक्तिलाई पशुसँग तुलना गरिन्थ्यो । संस्कृत भाषामा विद्याविहीन : पशु भन्ने उक्ति अहिले पनि चर्चित छ ।

**प्राचीनकालमा प्रचलित शिक्षा**

परापूर्वकालदेखिनै आफ्ना सन्तानलाई अभिभावकले असल, योग्य, सक्षम, प्रतिस्पर्धी बनाउन प्रयत्न गरिन्थ्यो । घर (गृह) छोडेर गुरुकुल पठाउने गरेको हामी महाभारत लगायत अन्य ऐतिहासिक ग्रन्थहरूमा पढ्ने र सुन्ने गरेका छौं । द्वापर युगमा कौरवहरू र पाँच पाण्डवलाई गुरुकुलमा गुरु द्रोणाचार्यले धनुर्विधाका साथैंसंस्कारयुक्त शिक्षादीक्षा दिएको महाभारतमा पढ्न सकिन्छ । त्यस्तै त्रेतायुगमा भगवान रामचन्द्र र लक्ष्मणलाई गुरु विश्वामित्रले प्राचीनकालको धनुर्विद्या सिकाएका थिए । त्यस्तै गुरु विश्वामित्र ऋषिले धनुर्विद्याका साथै राजपाठ सम्बन्धी ज्ञान दिएका थिए ।

यो २१औं शताब्दी हो । अहिले नेपालमा पूर्व प्राथमिक शिक्षामा कूल भर्नादर ८४ दशमलव ७ प्रतिशत पुगेको छ । प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ६६ दशमलव ९ प्रतिशत पुगेको छ । अहिले सन्तानलाई राम्रो शिक्षा दिन हरेक अभिभावकले आफ्नो क्षमताले भ्याएसम्म राम्रो विद्यालय छनोट गर्ने होडबाजी देख्न सकिन्छ । आजको बदलिँदो समयमा चलायमान समयभित्रको सीमित पाठ्यक्रमले मात्र दैनिक जीवनलाई आवश्यक पर्ने जीवनोपयोगी सीप र पर्याप्त ज्ञान दिन सक्दैन । फलस्वरुप उच्च शिक्षाको डिग्रीसम्म हासिल गरेका युवा युवतिपनि व्यावहारिक ज्ञान र सीपमा अनभिज्ञ छन् । हुर्किएका सन्तानहरु समाजमा घुलमिल हुन असहज भइरहेको महसुस कतिपय अभिभावकले गरेका पनि छन् । यस्तो अवस्थाबाट मुक्त हुन हामी (अभिभावक) लेबालबालिकालाई सानैदेखि व्यावहारिक र समयसापेक्ष ज्ञान एवं बालसाहित्य पढ्ने अवसर प्रदान गरीदिनुपर्छ ।

**२. नेपाली भाषा र बालसाहित्य**

प्राचीनकालमा लिखित साहित्यको विकास हुनुअगाडि हाम्रा पुर्खाले लोकसाहित्यको एक लामो र सुदृढ परम्पराको विकास गराएको पाइन्छ ।

आफ्ना बालबालिकालाई औपचारिक शिक्षाप्रणालीको विकास हुनुअघि लोकगीत, लोककथा, गाउँखानेकथा, लोककविता लगायत उखान टुक्का समेत प्रयोग गरेर घरमै शिक्षा दिने परम्परा थियो । संयुक्त परिवारमा हजुरबुबा हजुरआमाबाट लोककथा, गाउँखानेकथाहरु बालबालिकाले सुन्न पाउँथे । अहिले संयुक्त परिवार एकलमा परिणत भएको छ । त्यसैले बालसाहित्यको महत्व झन् बढेको छ ।

२१औं शताब्दीमा आइपुग्दा पनि बालसाहित्यको महत्व र उपयोगिता झन्-झन् सान्दर्भिक हुँदै आएको छ । अहिले नेपालभित्र र बाहिरि मुलुकमा प्रकाशित भइरहेका बालसाहित्य सम्बन्धि सिर्जनाले पनि यसको पुष्टि गर्दछन् ।

**३. पाठ्य बालसाहित्यको इतिहास**

नेपाली भाषामा पाठ्य बालसाहित्यको लेखनक्रम धेरै ढिला शुरु भएको हामी पाउँछौं । राणा शासनकालमा राजनीतिक निरङ्कुशता चरम सीमामा थियो, जसकोफलस्वरुप शिक्षामा लगाइदिएको बन्देजले पाठ्य बालसाहित्यको लेखनक्रम अत्यन्त ढिलो शुरु भएको पाइन्छ।बालबालिकालाई औपचारिक शिक्षा दिनकालागि पुस्तकको अभाव महसुस गर्दै वि.सं.१९४० मा गङ्गाधर द्रविडले गोर्खा पैह्ल किताब ( भाग१) बाल पाठ्यपुस्तकको नाममा निकालेको अहिलेसम्मको खोज र अन्वेषणले देखाउँछ या भनौ यस पुस्तकले पहिलो पुस्तक हुने अवसर प्राप्त गरेकोछ। प्रधानमन्त्री देवसम्सेरले वि.सं. १९५८ मा पहिलो पल्ट विद्यालयको स्थापना गरेपश्चात नेपाली भाषामा पाठ्यसामग्रीको आवश्यकता महसुस गरियो । जय पृथ्वीबहादुर सिंह (१९३४-१९४७) ले आफ्नो प्रयासलाई केन्द्रित गरे। बालबालिकालाई उपयोगीहुने विविध बिषयका पाठ्यपुस्तक तयार गर्ने राजापृथ्वीबहादुर सिंहको योगदान इतिहासमा अविस्मरणीय र अद्वितीय छायस प्रकार पाठ्य बालसाहित्य तयार गर्ने कार्य वि.सं. १९४९ मा शुरु भई निरन्तर रूपमा भैरहेको छ।

**४ बालसाहित्य**

सामान्य अर्थमा भन्नुपर्दा बालसाहित्य भन्नाले बालबालिकाका बारेमा लेखिएका र बालबालिकाले आफैंले लेखेका बालसाहित्यका पुस्तक भन्ने बुझाउँछ ।

प्रसिद्ध अमेरिकी बालसाहित्यकार श्री मेयर्स (Myers) का अनुसार 'वास्तविक अर्थमा बालबालिकाले बाल पाठ्यपुस्तकलाई ऐना र नक्सा वा चित्रका रूपमा देख्दछन् ।यतिमात्र होइन आफ्नो गन्तव्यको खोजी पनि यसैंबाट गर्छन् ।दिइएको कथाबाट उनीहरू जीवनको सृजना गर्छन् र नयाँ विश्वको रचना गर्छन् ।उनीहरू त्यसलाई एटलस हेरै भैं हेरेर पढेर आफू जाने बाटो तय गर्छन् र अरुसँग सम्बन्ध स्थापित गर्छन् ।

आजका बालबालिका विश्वको आर्थिक समस्या, सह-सम्बन्ध र जटिलताको सामना कसरी गर्ने भन्ने कुराको वोध समेत यसबाट थाह पाउँछन् । यसरी आफ्नो जीवनको बाटो कसरी सकारात्मक र मूल्ययुक्त बनाउने कुरा पनि यस प्रकार प्राप्त गर्छन् ।' (Myers, 2024,p 2)

सहज तरिकाले वास्तविक रुपमा भन्नुपर्दा विद्यालयकोपाठ्यक्रमलाई आधार नमानी स्वतन्त्रतापूर्वक लेखिएका बाल पुस्तकहरुनै बालसाहित्य हुन् ।

**५ बालसाहित्यका विधा र बिषयहरु व्यापक**

(यथार्थमूलक, कल्पनापरक र अन्य )

- लोकसाहित्य लोककथा, परिकथा, दन्त्यकथा, नैतिककथा,पशुका, गाउँखानेकथा, भूतप्रेतका कथा,पुराणका कथा, लोकगीत, लोककविता, उखान टुक्काका कृतिहरु ।
- बालगीतहरू,गणितका गीतहरू, अक्षर चिनारी गीतहरू, लोरीगीतहरू, भजनगीतहरु आदि ।
- विज्ञानकथा र उपन्यास ।
- रहस्यरजासुसी कथा र उपन्यासहरू
- विश्वसाहित्यका उत्कृष्ट कथार उपन्यास आदिका सरलीकृत र सङ्क्षेपीकृतकथार उपन्यासहरु
- गैह्रसाहित्यक ग्रन्थहरू खासगरी बिषयगत, जस्तैंः रुख, बिरुवा, फूल, डाइनोसोर, जलचर, नभचर, सौर्यमण्डल आदिका बारेमा लेखिएका रङ्गीन चित्रमय पुस्तकहरू ।
- आधुनिक पुस्तकहरूः आवाज निकाल्ने, बोल्ने र गाउने पुस्तकहरू, चल्ने पुस्तकहरू, थ्रीडी पुस्तकहरु आदि।
- बालसन्दर्भग्रन्थहरू : चित्रमय,शब्दकोश, विश्वकोश, सामान्यज्ञानका पुस्तकहरू आदि।
- जीवनी, आत्मकथाहरू, चिठीपत्र, संस्मरणहरू, दैनिकीहरू र यात्रासंस्मरणहरू आदि
- इतिहास, भूगोल, वर्णन, तथा भ्रमणका पुस्तकहरू।
- ऐतिहासिक कथा,हास्य कथा, चुट्किला, खेल, कला, तथा साहसका कथाहरु ।
- कथा, उपन्यास,कविता, नाटक, गीत, गजल, आदिका पुस्तकहरू ।
- अति काल्पनिक(Fantasy) कृतिहरु ।

**६. बालबालिकाको सिक्ने स्थानः**

आमाको गर्भ, परिवार र विद्यालय, बालपुस्तकालय

**७. बालबालिकाको सिक्ने उमेर**

गर्भ : बच्चाले आमाको गर्भबाट नै सिक्न र बुझ्न थाल्छ भन्ने कथनलाई पुष्टि महाभारतको एउटा घटनालाई लिनसकिन्छ। महाभारतका पात्र अभिमन्यू निकै वीर थिए । आमाको पेटमा भएको अवस्थामा अर्जुनले महाभारतको युद्धमा चक्रव्यूह भित्र कसरी प्रवेश गर्ने भन्ने विधि सुनाउँदै थिए तर अभिमन्युकी आमा निदाउँछिन् । आमानिदाएको कारण चक्रव्यूहबाट बाहिर निस्कने उपाय अभिमन्यूले सुन्न नपाउँदा उनको युद्धमा मृत्यु भएको कथाबाट पनि बच्चाले आमाको गर्भबाट सिक्छ भन्ने प्रमाणित गर्छ ।

परिवार :आमा बुबा र घरपरिवारनै बालबालिकाको पहिलो पाठशाला हो। जन्मेपछि बच्चाले आफ्ना परिवारका सदस्यबाट सिक्न थाल्छ। परिवारबाट नै अनेकौ कुरा सिक्नुको साथै कथाहरु सुन्छ, बालगीत, लोरी, बालकविता सुन्दै अनुशरण समेत गर्न थाल्छ ।

विद्यालय : विद्यालय जाने उमेर पुग्नासाथ बालबालिका औपचारिक शिक्षा लिन विद्यालयजानेगर्छन। विद्यालयमा पाठ्यपुस्तकका साथै अन्य कथा, कविता, बालगीतका किताब र अन्य अतिरिक्त क्रियाकलापद्वारा विद्यार्थीलाई ज्ञानको साथै कला र सीप सिकाइन्छ । एउटा अनुसन्धानले ५ प्रतिशत बालबालिकालाई विद्यालय गएको पहिलो र दोस्रो बर्षको अन्त्यसम्ममा पढ्ने कला र सीप सिकाउन सकिन्छ।

बालपुस्कालय, गर्भ, परिवार, पुस्तकालय र विद्यालय आदिबाट क्रमशः उमेर अनुसार सीप र कला सिक्ने प्रक्रिया शुरुहुन्छ मानिसको जीवनमा ।विद्यालय जानुभन्दा पहिलेनै बच्चाहरू आफ्ना परिवारका सदस्यसँग १ देखि ३ वर्षका बालबालिका पुस्तकालय पुगीसकेका हुन्छन् । आफ्ना उमेरका बालबालिका साथीभाइसँग बसेर चित्रकथाहरू पल्ट्याउन थाल्छन् । त्यसैले भनिन्छ परिवार पछिको दोस्रो पाठशाला पुस्तकालय हो । ३ देखि ४ बर्षभन्दा माथिका बालबालिकाहरु विद्यालमा गई औपचारिक शिक्षा लिनथाल्छन् । यसरी विद्यालय, कलेज, विश्वविद्यालय आदि गएतापनि हरेक बालबालिका वा युवा वा प्रौढसबैलाई जीवनमा नयाँ नयाँ सीप, कला सिक्नको लागि निरन्तर रुपमा पुस्तकालय जानुपर्ने हुन्छ।

**८.पठनसंस्कृति तथा बालसाहित्यको विकासमा अभिभावकको भूमिका :**

आजको डिजिटल युगमा बालबालिकामा पढ्ने बानीबसाल्न निकै चुनौतीपूर्ण छ। पहिलेको सापेक्षतामा डिजिटल युगका बालबालिका निकै चलाख र फुर्तिला छन् । ठूलामान्छेभन्दा आधुनिक सूचना र सञ्चार प्रविधिका सेवा सुविधाहरू इन्टरनेट र सामाजिक सञ्जाल प्रयोग गरी आफूलाई मनपर्ने र आवश्यक श्रव्य, दृश्य र श्रव्यदृश्य आदि सामग्रीको उपयोग गर्छन् । आजकलका बालबालिकामा आत्मबल उच्च हुन्छ। यसकारण उनीहरूको सीप र क्षमतालाई नजर अन्दाज नगरिकन अत्यन्त सावधानीका साथ अभिभावकले पठनसंस्कृतितिर लोभ्याउनु पछी उनीहरूलाई पठनसंस्कृतिमा लोभ्याउनको लागि विभिन्न थरीका विभिन्न विधाका रमाइला र आकर्षक पाठ्य सामग्री घरमा उपलब्ध गराइदिनुपर्छ । अभिभावक स्वयम्ले पनि मोबाइल फोनको मोह छोडेर पुस्तक पढ्ने गरेमा बालबालिका बिस्तारै अभिभावकको सिको गर्दै पठनसंस्कृतिमा आकर्षित हुँदैं पठनसंस्कृतिको विकास हुन्छ।

**बालसाहित्यको आजको अवस्था :**

१४५ बर्षको अवधिमा आज गएर बालसाहित्यको अवस्था सकारात्मक र आशावादी छ। कछुवा चालको गतिले पढेपनि हामी पछि परेका छैनौं, अन्तर्राष्ट्रियस्तरमा हाम्रा पुस्तक र लेखक आइरहेकाछन् । सोच्नुपर्ने कुरा यो छ कि हामीले फेसबुकमा पुराना नामचलेका लेखकका किताब पढ्ने र समीक्षा लेखेर आफूलाई राम्रो साहित्यकार स्थापना गर्न खोज्छौं तर बालसाहित्यका पुस्तक पढेर आफ्नो विचार राख्ने कमै गर्छौं। बालसाहित्य बालबालिकाको लागि मात्र नभएर अभिभावक लागि पनि हो भन्ने हामी सबैले बुझ्नु पर्छ।

आजको अवस्थामा बालसाहित्यलाई निम्नलिखित चरणमा राखिएको छ।

गर्भअवस्था(पेटमा बच्चा हुँदादेखिनै आमाले राम्रा राम्रा पुस्तक पढ्ने)

१ देखि ३ सम्म शब्दविहीन चित्रपुस्तकद्वारा सिकाइ ।

३ देखि ६ सम्मका बालबालिकालाई वर्ण चिन्ने पुस्तक, शब्द, सानासाना वाक्य सहितका चित्रपुस्तक ।

६ देखि ९ सम्मका बालबालिकालाई पाठ्य पुस्तकका साथै विभिन्न कथा, कविता, र बालगीतका रमाइला चित्रपुस्तकहरू देखाउँदै चित्र वर्णन र छलफलबाट सीप र कला सिकाइ प्रोत्साहन।

- अभिभावकले पठनसंस्कृतितिर बालबालिकालाई डोऱ्याउन सर्वप्रथम मोबाइल फोनको मोह स्वयम् आफूले पहिले छोड्नुपर्छ ।
- पाँच वर्षसम्म आफ्ना बालबालिकालाई बढी समय दिनुपर्छ ।
- ठूला मानिसलाई शक्ति र पैसा प्राप्तीमा जति खुशी मिल्छ बालबालिकाहरुलाई पहिलो पाइला चाल्दा, पहिलो अक्षर पढ्दा, चित्र कोर्न सिक्दा, गीत गाउन सिक्दा र नाँच्न जान्दा धेरै खुशी मिल्छ। बच्चाका यस्ता साना साना सफलताले भविष्यलाई उज्ज्वल बनाउन सक्छ । अतः हामी अभिभावकले पठनसंस्कृतितिर लोभ्याउन, डोऱ्याउन आफूले नजिकबाट बालसाहित्यलाई बुझ्नुपर्छ। बालसाहित्यमा रमाउन सिक्नुपर्छ ।
- आजभोली निजी विद्यालयको साथै सरकारी विद्यालले बालसाहित्यलाई महत्वपूर्ण स्थान दिँदै विद्यालहरुमा बालपुस्कालयको व्यवस्था गरेको छ।

अतः हामी कमजोर छैनौं । पठनसंस्कृतिको विकासको लागि माथिल्लो तहदेखि विद्यालय, संघ-संस्थाबाट विभिन्न कार्यक्रम गोष्ठी, अन्तरक्रियाहरु भैंरहेकाछन् । मात्र एउटा कुरामा हामीले ध्यान दिनुपर्ने देखिन्छ चित्रपुस्तक पढेपछि त्यो बीचमा कस्तो किसिमको पुस्तकहरु दिनुपर्ने पुस्तकको कमी छ। यसको पहल पनि भैंरहेकोछ।

हाम्रो पठनसंस्कृति अभियानले सफलता पाओस् ।

जय साहित्य । जय बालसाहित्य ।

*(लेखिका शर्मा पूर्वशिक्षिका भई हाल विभिन्न सामाजिक क्षेत्रमा सक्रिय रही बालसाहित्य तथा बालबालिकाका लागि गरिने तालिम आदिमा सक्रिय हुनु हुन्छ)*

# मौद्रिक नीतिको त्रैमासिक समीक्षा आज सार्वजनिक हुने




काठमाडौं । नेपाल राष्ट्र बैंकले यही साताभित्र चालु आर्थिक वर्ष २०८१/८१ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा सार्वजनिक गर्ने अन्तिम तयारी गरेको छ। राष्ट्र बैंक स्रोतका अनुसार यही साताको शुक्रबारसम्म मौद्रिक नीतिको त्रैमासिक समीक्षा सार्वजनिक गर्ने तयारी छ। 'राष्ट्र बैंक मौद्रिक नीति सार्वजनिक गर्ने तयारी भइरहेको छ। मौद्रिक नीतिको मस्यौदा अन्तिम चरणमा छ। शुक्रबारसम्म सार्वजनिक गर्छौं, शुक्रबारसम्म सार्वजनिक गरिसक्नुपर्ने व्यवस्था छ,' स्रोतले भन्यो ।

हाल अर्थतन्त्र सहज अवस्थातर्फ उन्मुख छ। बैंक तथा वित्तीय संस्थाहरूको कर्जाको ब्याजदर औसत ९ प्रतिशत बिन्दुमा झरिसकेको छ भने निक्षेपको ब्याजदर औसत ५ प्रतिशत बिन्दुको हाराहारीमा छ। बैंकिङ क्षेत्रमा ब्याजदर न्यून बिन्दुमा हुँदा पनि कर्जाको माग नरहेको बैंकरहरू बताउँछन् ।

राष्ट्र बैंकले पनि कर्जा विस्तार गर्ने गरी विगतका मौद्रिक नीतिमार्फत सहजीकरण गरिसकेको छ। तर पनि कर्जाको माग उल्लेख्य रूपमा नबढ्दा राष्ट्र बैंकले यसपटक पनि कर्जा विस्तारसँग सम्बन्धित व्यवस्था चलाउने देखिन्छ। जसका लागि राष्ट्र बैंकले क्षेत्रगत रूपमा जाने कर्जामा केही व्यवस्थामा हेरफेर गर्न सक्ने सम्भावना देखिन्छ।

सेयर लगानीकर्ताहरूले सेयर कर्जाको व्यक्तिगततर्फको १५ करोडको सीमा खारेज गर्नुपर्ने माग राखेका छन् । साथै, संस्थागत लगानीकर्ताहरू (बैंक तथा वित्तीय संस्था)लाई दोस्रो बजारमा सेयर कारोबारमा खुला गर्नुपर्ने माग उनीहरूले राखेका छन् । पछिल्लो समय कर्जाको माग पनि नआएकाले बैंकरहरू पनि सेयर धितो कर्जामा जाने कर्जामा राष्ट्र बैंक अझै लचिलो बन्नु पर्ने गरी लबिङ गरिरहेका छन् । महँगो ब्याजदरमा निक्षेप संकलन गरेर सस्तोमा राष्ट्र बैंकमा थुपार्नु परेको छ। त्यसैले राष्ट्र बैंकसामु नीतिगत व्यवस्थामार्फत् कर्जाको माग बढाउनु पर्ने चुनौती छ। यो समस्याको समाधानका लागि उद्योगी व्यवसायीले परियोजना धितोको माग राखिरहेका छन् ।

यस्तै, निर्माण व्यवसायीहरूलाई प्रवाह भएको कर्जाको साँवा ब्याज तिर्ने अवधि मंसिर मसान्तसम्म छ। उक्त व्यवस्थालाई थप गर्नुपर्ने माग व्यवसायीहरूले गरिरहेका छन् । राष्ट्र बैंकको आर्थिक अनुसन्धान विभाग प्रमुख तथा कार्यकारी निर्देशक डा. गुणाकर भट्ट मौद्रिक नीतिको पहिलो त्रैमासको समीक्षमा धेरै परिवर्तन गर्नुपर्ने अवस्था नरहेको बताउँछन् । ब्याजदर न्यून बिन्दुमा झरेको र पर्याप्त तरलता रहेकाले राष्ट्र बैंकले धेरै चलाउनुपर्ने विषय नरहेको उनको भनाइ छ।

'मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामा नयाँ विषय केही छैन। किनभने ब्याजदर न्यून बिन्दुमा झरेको छ। तरलता फालाफाल छ, यसैले राष्ट्र बैंकले चलाउनुपर्ने धेरै विषय केही छैन,' उनले भने, 'मौद्रिक नीतिले ब्याजदर र तरलता हेरेर समीक्षा गर्छ, अहिले दुईटै विषय बजारलाई फेरबदल छ।'

ब्याजदर न्यून भएपनि कर्जा लगानी हुन सकेको छैन। सेयर बजारमा जाने कर्जामा हेरफेर गर्ने विषयमा अहिलेसम्म छलफल नभएको उनले बताए। हाल जुन व्यवस्था छ सोही अवस्थामा कायम रहने सम्भावना रहेको उनले बताए।

# नबिल एसएसईले मनायो तेस्रो वार्षिकोत्सव




काठमाडौं। नबिल स्कूल अफ सोसियल इन्टरप्रेनरसिप (नबिल एसएसई) ले आफ्नो तेस्रो वार्षिकोत्सव मनाएको छ। २०२१ नोभेम्बर २६ मा स्थापना गरिएको नबिल एसएसई, नबिल बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सामाजिक उद्यमशीलताको विकासमार्फत सामाजिक रूपान्तरण गर्ने लक्ष्य राखेर अघि बढाइएको कार्यक्रम हो। नबिल बैंकले नबिल एसएसई फेलोसिप कार्यक्रम र सर्टिफिकेट कोर्स गरी दुई प्रकारको कार्यक्रम सञ्चालन गर्दै आएको छ। हालसम्म नबिल एसएसई कार्यक्रमबाट ८२० भन्दा बढी व्यक्तिहरूले उद्यमशीलतासम्बन्धी प्रशिक्षण प्राप्त गरिसकेका छन् । त्यस्तै, ११७ नयाँ उद्यमहरूको स्थापना भएको छ। यस कार्यक्रमबाट १२ सय रोजगारी सिर्जना गर्न सफल भएको बैंकले जानकारी दिएको छ।

'नबिल एसएसईले नवीन सोच भएका व्यक्तिहरूलाई प्रोत्साहन गर्दै देशभित्र नै उद्यम गरी रोजगारी सिर्जना गर्न सफल भएकोमा हामी खुसी छौं,' नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) ज्ञानेन्द्रप्रसाद ढुंगानाले बताए। सामाजिक तथा आर्थिक रूपान्तरणमा नबिल एसएसईले गतिशील बनाएको भन्दै उनले भने, 'तीन वर्षको दौरानमा देशमा सयौं मानिसहरूका लागि रोजगारी सिर्जना भएको छ भने यसले दीर्घकालीन सामाजिक परिवर्तनमा सहयोग हुनेमा हामी विश्वस्त छौं।'

स्थापनाकालदेखि हालसम्म नबिल एसएसईले देशभरका १२ शैक्षिक संस्थाहरूसँग सहकार्य गर्दै आफ्ना कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन गरिरहेको छ। त्रिभुवन विश्वविद्यालयको स्कूल अफ म्यानेजमेन्ट (सोमटियू) सँगको सहकार्यमा सञ्चालित फेलोसिप कार्यक्रमले सामाजिक उद्यमशीलतामा रुचि राख्नेहरूलाई उत्कृष्ट प्लेटफर्म प्रदान गर्दै आएको छ।

सहभागीहरूले ६ महिनाको अवधिमा १८ दिनको एक्सन बेस्ड आवासीय तालिम प्राप्त गर्छन्, जसमा एक वर्षसम्मको मेन्टरसिप पनि उपलब्ध गराइएको छ। यस कार्यक्रमले अहिलेसम्म ५६ सामाजिक उद्यमीलाई तालिम दिइसकेको छ, जसबाट पहिलो तीन समूहका ४५ उद्यम सञ्चालन भई सयौंको रोजगारी सिर्जना गर्न सफल भएको नबिल बैंकले जनाएको छ। नबिल एसएसईअन्तर्गत हालै सुरु भएको चौथो ब्याचमा २० जना नयाँ उद्यमीहरूले आफ्नो उद्यमशीलता यात्रा प्रारम्भ गरेका छन् ।

तीन महिनाको अवधिमा सञ्चालन हुने नबिल एसएसई सर्टिफिकेट कोर्सले प्रशिक्षार्थीलाई सामाजिक उद्यम सञ्चालन र व्यवस्थापनका लागि आवश्यक ज्ञान र सीप प्रदान गर्दै आएको छ। यस कोर्सका सहभागीहरूमध्ये ७२ जनाले आफ्नो उद्यम स्थापित गरी दिगो सामाजिक परिवर्तनका लागि काम गर्दै आएका छन् । नबिल एसएसईले सामाजिक उद्यमीहरूलाई महत्त्वपूर्ण सामाजिक समस्याहरू समाधान गर्न सक्षम बनाउँदै, दीर्घकालीन उद्यम स्थापना गर्न प्रेरित गरिरहेको छ। यसले सामाजिक उद्यमका लागि अवधारणा निर्माण, त्यसलाई लगानीयोग्य बनाउने र साना उद्यमीहरूलाई सशक्त बनाउने कार्यलाई आफ्नो प्रमुख प्राथमिकतामा राखेको छ।

तेस्रो वार्षिक उत्सव मनाउँदै नबिल एसएसईले चौथो वर्षमा प्रवेश गर्दा सामाजिक उद्यमशीलतालाई अझ विस्तार गर्ने र नेपालका समुदायहरूको उत्थानमा निरन्तर योगदान दिने लक्ष्य राखेको छ।

# एकैपटक ११ संस्थापक बाहिरिँदै

काठमाडौं। नेपाल इन्भेष्टमेण्ट मेगा बैंक (एनआईएमबि) बाट एकैपटक ११ जना संस्थापक बाहिरिने भएका छन् । एकैपटक ११ जना संस्थापक सेयरधनीहरूले आफ्नो स्वामित्वको सेयर बिक्री गरेर बैंकबाट बाहिरिन लागेका हुन् । बैंकका




अनुसार ११ जना संस्थापक सेयरधनीहरूले आफ्नो नाममा रहेको ३ लाख ३ हजार ९७८ कित्ता सेयर बिक्रीमा राखेका हुन् । बैंकको उक्त सेयरमा विद्यमान संस्थापक सेयरधनीहरूले मात्रै आवेदन दिन पाउने छन् । यदि ३५ दिनभित्र संस्थापक सेयरधनीले सेयर खरिद नगरेमा उक्त सेयर सर्वसाधारण लगानीकर्ताका लागि बिक्री खुला गरिने बैंकले जनाएको छ। त्यसैले सेयर खरिद गर्न इच्छुक संस्थापकले ३५ दिनभित्र आवेदन दिनुपर्नेछ।

# ग्लोबल आइएमई बैंकका ग्राहकलाई समाज डेन्टलमा छुट

काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेडका ग्राहकले समाज डेन्टल अस्पतालमा छुट पाउने भएका छन् । यससम्बन्धी सम्झौतामा बैंकका ट्रान्जेक्सन बैंकिङ सेल्स तथा बिजनेश प्रमुख प्रकाश पौडेल र समाज डेन्टल अस्पतालका प्रबन्ध निर्देशक शंकु घिमिरेले हस्ताक्षर गरेका छन् ।




साथै, बैंकको क्रेडिट कार्ड मार्फत भुक्तानी गर्दा १२ महिनासम्म किस्ताबन्दीमा भुक्तानी गर्न मिल्ने सेवा ( ईएमआई) समेत प्रदान गर्ने सम्झौता भएको छ। सम्झौतानुसार बैंकका ग्राहकहरूले समाज डेन्टलमा बैंकको डेबिट/क्रेडिट कार्ड र ग्लोबल स्मार्ट प्लस मार्फत भुक्तानी गर्दा ओपीडी दर्ता शुल्क, डाक्टरको परामर्श शुल्क र अस्पतालको आजीवन सदस्यता शुल्कमा शतप्रतिशत छुट पाउनेछन् ।

यसका साथै, बैंकका ग्राहकहरूले एक्सरे बाहेकका सम्पूर्ण सेवा शुल्कमा एकमुष्ठ १० प्रतिशत छुट पाउने बैंकले जनाएको छ। बैंकका अनुसार किस्ताबन्दी सेवाअन्तर्गत बैंकका क्रेडिट कार्डवाहकले समाज डेन्टल अस्पतालमा उपचार बापत खर्च १५ हजारदेखि अधिकतम ५ लाखसम्मको बिलमा ६ देखि १२ महिनासम्मको सरल किस्ताबन्दीमा भुक्तानी गर्न सक्नेछन् ।

# मुक्तिनाथ बैंकका ग्राहकलाई फिजियोथेरापीमा २५ प्रतिशत छुट

काठमाडौं। मुक्तिनाथ विकास बैंकले आफ्ना ग्राहकका लागि थप सेवा दिन लाजिम्मपाटमा मुख्य कार्यालय रहेको जेनो फार्मेसी प्रालि र निर्भाना




फिजियोथेरापी एण्ड वेलनेस सेन्टरसँग व्यावसायिक सम्झौता गरेको छ। विभिन्न औषधी र स्वास्थ्यसम्बन्धी सेवा (फिजियोथेरापी, ओस्टियोप्याथी, नेचुरोप्याथी, प्राकृतिक चिकित्सा, आयुर्वेदिक चिकित्सा, अन्य) खरिद र डेलिभरीमा छुट प्रदान गर्न सम्झौता भएको हो।

यस व्यावसायिक सम्झौतापश्चात मुक्तिनाथ विकास बैंकका कर्मचारी र ग्राहकले लाजिम्मपाट र भक्तपुर शाखा कार्यालयबाट विभिन्न औषधी र स्वास्थ्यसम्वन्धी प्रडक्ट खरिदमा २५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् ।

साथै, बैंकले विकास बैंकले प्रवर्द्धन गरेको नेपालको पहिलो सामूहिक लगानी कोष मुक्तिनाथ म्युचुअल फण्ड यही आउँदो मंसिर महिनाभित्र सार्वजनिक निष्कासनमार्फत् इकाई बिक्रीमा ल्याउने प्रमुख सूचना अधिकारी तीलबहादुर गुरुङले जानकारी दिए। यस कोषको प्रवर्द्धक मुक्तिनाथ विकास बैंक र योजना व्यवस्थापक मुक्तिनाथ क्यापिटल रहेको छ।

# बेलबारीमा कुमारी बैंकको उद्यमी प्रशिक्षण सम्पन्न

काठमाडौं। यूएसएडसँगको साझेदारीमा 'देशैभरी वर्षैभरी' उद्यमशीलता विकास एवं प्रवर्द्धनका लागि नियमित रुपमा उद्यमी प्रशिक्षण अभियान सञ्चालन गरिरहेको कुमारी बैंकले मोरङको बेलबारी नगरपालिकामा उद्यमीहरुको व्यवसायिक विकासका लागि प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ। यसका लागि बैंकले



नगरपालिकासँग समन्वय गरेको थियो। वित्तीय ज्ञान, सीप, मनोवृद्धि तथा व्यवहार विकासबाट मात्रै व्यवहारिक रुपमा उद्यमशीलता प्रवर्द्धन तथा विकास हुने विश्वास लिएको कुमारी बैंकले यस अभियानमा सर्वसाधारणहरूको विषयगत संवेदनशीलतालाई सहजै बुझ्न सकिने गरी वित्तीय उद्यमी प्रशिक्षण, वित्तीय साक्षरता पुस्तिका, कुमारीजी एप, राष्ट्रियस्तरमा ख्यातिप्राप्त कलाकारहरूको अभिनयसहितका सन्देशमूलक भिडियोहरू, सचेतनामूलक सन्देशहरू विकास गरी नियमित रुपमा प्रकाशन तथा प्रसारणसमेत गरिरहेको जनाएको छ। उद्यमी प्रशिक्षणबाट हरेक स्थानीय निकायमा रहेका उद्यमी सोचहरूको प्रवर्द्धन तथा विकासमा टेवा पुऱ्याउँदै आर्थिक रुपमा समृद्ध परिवार, समाज तथा राष्ट्र निर्माणमा टेवा पुग्ने बैंकले विश्वास लिएको छ।

# संस्थागत सामाजिक उत्तरदायित्वमा विशेष योगदानका लागि ज्योति विकास बैंक सम्मानित

काठमाडौं। संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत नेपालका ग्रामीण तथा दुर्गम क्षेत्रका स्वास्थ्य संस्थाहरूमा विशेष योगदान गरेको ज्योति विकास बैंक लिमिटेडलाई राष्ट्रिय आविष्कार केन्द्रले सम्मानित गरेको छ। बैंकले 'न्यानो नानी' परियोजनामार्फत ५१ स्वास्थ्य संस्थामा बेबी वार्मर मेसिन'को पहुँच पुर्‍याएकोमा यो सम्मान प्रदान गरिएको हो। काठमाडौंमा आयोजित विशेष कार्यक्रममा राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक डा महावीर पुनले बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकाललाई सम्मानपत्र प्रदान गरेका थिए।



डा पुनले बैंकले नवजात शिशुको स्वास्थ्य र जीवन रक्षाका लागि चालेको कदमप्रति आभार प्रकट गर्दै यो परियोजना देशको स्वास्थ्य क्षेत्रमा अनुकरणीय बनेको बताए। 'न्यानो नानी' परियोजना चार वर्षअघि सुरु गरिएको हो। यस परियोजनामार्फत राष्ट्रिय आविष्कार केन्द्रले स्वदेशमै निर्माण गरेका बेबी वार्मर मेसिन बैंकको सहयोगमा विभिन्न स्वास्थ्य केन्द्रमा जडान गरिएको छ। हालसम्म जडान गरिएका ५१ मेसिनमार्फत हरेक वर्ष करिब १८८७ नवजात शिशुको जीवन रक्षा भइरहेको बैंकले जनाएको छ।

राष्ट्रिय आविष्कार केन्द्रले निर्माण गरेका बेबी वार्मर विदेशबाट आयात गरिएका उपकरणभन्दा ५० प्रतिशत कम लागतमा उपलब्ध छन् । बैंकले यस परियोजनालाई प्रोत्साहन गर्दा स्वदेशी उत्पादन प्रवर्द्धन र युवाको सीप विकासमा समेत योगदान दिएको छ।

बैंकले 'हाम्रो विकास प्रवर्द्धन कोष' मार्फत देशका विभिन्न प्रदेशमा बेबी वार्मर जडान गरेको छ। कोशी प्रदेशमा १३, मधेश प्रदेशमा ६, बागमती प्रदेशमा १०, गण्डकी प्रदेशमा ६, लुम्बिनी प्रदेशमा ७, कर्णाली प्रदेशमा ७, र सुदूरपश्चिम प्रदेशमा २ वटा स्वास्थ्य केन्द्रमा उपकरण वितरण गरिएको छ। उपकरणको सञ्चालन र प्रयोग सुनिश्चित गर्न स्वास्थ्यकर्मीलाई विशेष तालिमसमेत प्रदान गरिएको छ।

# पूर्वराष्ट्रपति र पूर्वउपराष्ट्रपतिले देखाएका सक्रिय राजनीतिको मोह

**डाकमान राई**

दुई पटक उपराष्ट्रपति भइसकेका नन्दकिशोर पुन सक्रिय राजनीतिमा फर्कँदैछन्। पूर्व जनमुक्ति सेनाका कमाण्डरसमेत रहेका उनी २०७२ कात्तिकदेखि ०७९ फागुनसम्म निरन्तर दुई कार्यकाल उपराष्ट्रपति रहे। उपराष्ट्रपति निर्वाचित भएपछि पार्टीबाट अलग भएका पुन अब माओवादी केन्द्रमै फर्कने पक्का छ। उनी पार्टी बैठकतिर समेत सहभागी हुन थालेका छन्। उनी कात्तिक २६ गते अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड निवास खुमल्टारमा बसेको माओवादी पदाधिकारी बैठकमा पुगेका थिए।

नेताहरूका अनुसार बैठकमा पुनले आफूले राज्यबाट पूर्वउपराष्ट्रपतिको हैसियतले कुनै सेवा सुविधानसमेत नलिएको स्पष्ट पार्दै पार्टीको सक्रिय राजनीतिमा फर्कने इच्छा व्यक्त गरेका थिए। बैठकमा सक्रिय राजनीतिमा फर्कन मिल्ने/नमिल्ने, यसबारे अन्तरराष्ट्रिय अभ्यास र पार्टीमा फर्केपछिको जिम्मेवारीलगायतका विषयमा छलफल भएको थियो।

पूर्वउपराष्ट्रपति पुन माओवादीमा फर्कने पक्का भएको पुष्टि गर्दै अब पार्टीको आगामी बैठकले उनको जिम्मेवारीलगायतका विषय टुंग्याउने सचिव लीलामणि पोखरेलले बताए। उनले भने, 'हो उहाँ (पुन) फर्कनुहुन्छ। अब पार्टीको आगामी बैठकले उहाँलाई दिने जिम्मेवारी लगायतको विषय टुंग्याउला।'

अध्यक्ष प्रचण्डकै प्रस्तावमा पुन पार्टीमा फर्कन लागेको बताइन्छ। बैठकमा सहभागी हुनुपूर्व उनीहरूबीच पटक-पटक छलफलसमेत भएको थियो। प्रचण्डसँग पुनले उपाध्यक्ष मागेको बताइएको छ। नेतृत्व छाड्नुपर्ने दबाबमा रहेका प्रचण्डले पुन फर्किंदा पार्टीभित्र आफूलाई समेत सहज हुने बुझाइका साथ बोलाएको चर्चा माओवादी वृत्तमा छ। बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीका महिन्द्रराय यादव पक्षलाई भित्र्याइसकेका छन्। यद्यपि औपचारिक रुपमा घोषणा भने भइसकेको छैन।

पार्टीमा आफू बलियो हुनकै लागि नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपासँग पनि एकता गर्न चाहेका छन्। त्यसमा पुनसमेत पार्टीमा हुँदा आफूसमर्थित नेताहरू बढी हुने आँकलन प्रचण्डको रहेको बताइन्छ।

त्यसो त पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पनि सक्रिय राजनीतिमा फर्कन गृहकार्यमा छिन्। लगातार दुई कार्यकाल राष्ट्रपति भएर ०७९ फागुनमै बिदा भएकी उनले एमालेको पार्टी सदस्यतासमेत नवीकरण गराइसकेकी छन्। यद्यपि पूर्वराष्ट्रपति भण्डारीको सदस्यता नवीकरणको विषयमा एमालेले भने आधिकारिक रुपमा केही बताएको छैन।

राष्ट्रपतिबाट बिदा भएपछि भण्डारी राजनीतिक भेटवार्ता तथा कार्यक्रमहरूमा व्यस्त हुने गरेकी छन्। राष्ट्रपति हुनुअघि एमालेको प्रभावशाली उपाध्यक्ष रहेकी उनी १६ जेठमा एमालेको ब्यानरमा भएको कार्यक्रममै सहभागी भएकी थिइन्। उनका अभिव्यक्तिहरूबाट पनि उनी सक्रिय राजनीतिमा फर्कन लागेको दर्शाउँछ।

**कानुनी अड्चन छैन, नैतिक प्रश्न केही होइन**

पूर्वराष्ट्रपति तथा पूर्वउपराष्ट्रपतिलाई सक्रिय राजनीतिमा फर्कनका लागि कुनै कानुनी अड्चन छैन तर उनीहरूमाथि 'संवैधानिक नैतिकता'को प्रश्न तेर्सिन्छ। राष्ट्रपति र उपराष्ट्रपतिलाई सिंगो राष्ट्रको अभिभावक एवं संविधानका रक्षक मानिन्छ।

उक्त भूमिकामा रहिसकेका उनीहरू अहिले पार्टी राजनीतिमा ओर्लिन खोजेपछि संवैधानिक नैतिकताको प्रश्न उठेको हो। पदमा नरहँदा पनि राष्ट्र र संविधानको रक्षामा अहम् दायित्व हुने हुँदा पूर्वराष्ट्रपति तथा पूर्वउपराष्ट्रपति पार्टी राजनीतिमा नफर्किंदा नै राम्रो मानिने संविधानविद् डा. चन्द्रकान्त ज्ञवाली बताउँछन्।

'पदमा नहुँदा पनि राष्ट्र र संविधानको रक्षामा पूर्वराष्ट्रपतिको अहम् दायित्व हुन्छ। त्यसमा उपराष्ट्रपतिको साथ रहेको मानिन्छ', उनी भन्छन्, 'त्यसकारण त्यस्ता व्यक्तित्वले बाँकी जीवन सबैको अभिभावक भएरै बसेको वा भूमिका निर्वाह गरेको राम्रो। पूर्वराष्ट्रपति वा पूर्वउपराष्ट्रपति नै भएर बस्दा सबैभन्दा राम्रो ! होइन म पार्टीकै हुन्छु भन्ने हो भने पनि त्यो व्यक्तिगत कुरा हो। यसमा कुनै संविधान, ऐन-कानुनले रोक्ने/छेक्ने भन्ने चाहिँ हुँदैन। तर पूर्वराष्ट्रपति पार्टी सदस्यतमा ओर्लिंदा संवैधानिक नैतिकताको प्रश्न भने उठ्छ। पूर्वराष्ट्रपतिले त्यो नैतिकता पालना गर्नुपर्छ भन्ने आफैँमा हुनुपर्ने कुरा हो।'

पूर्वराष्ट्रपति र पूर्वउपराष्ट्रपतिहरूले नैतिक ओहदा र मर्यादाको ख्याल नगरी पार्टीको राजनीतिमा फर्कन लागेको। विश्लेषक हरि रोक्काको बुझाइ छ। 'पूर्वराष्ट्रपति र उपराष्ट्रपति भनेको सम्मानित पद हो। आफ्नै ओहदा र मर्यादा हुन्छ। तर अब यो केही बाँकी रहेन', उनी भन्छन्, 'के गर्ने/के नगर्ने, के भन्ने/के नभन्ने भन्ने चेत नै उहाँहरूमा देखिएन।'

**के राज्यबाट पाउँदै आएको सेवा सुविधा त्याग्नुपर्छ?**

पूर्वराष्ट्रपतिद्वयको सेवा सुविधामा अहिले वार्षिक एक करोड राज्यकोषबाट खर्च हुँदै आएको छ। पूर्वराष्ट्रपति यादवका लागि मात्रै सरकारले सुरक्षाकर्मीबाहेक वार्षिक ५० लाख खर्चन्छ।

घरभाडाबापत मासिक १ लाख ९४ हजार, भत्ता मासिक ५० हजार, अतिथि सत्कारका लागि मासिक १० हजार, पत्रपत्रिका लागि मासिक ३ हजार, टेलिफोनका लागि मासिक १ हजारको सुविधा राज्यकोषबाट उनले लिन्छन्।

यसका साथै एउटा गाडी, चालक, मासिक २०७ लिटर पेट्रोल, २१ जना सुरक्षाकर्मी, उपसचिव स्तरको एक स्वकीय सचिव, एक कार्यालय सहयोगी र बिलअनुसार बिजुली, पानी र इन्टरनेटबापत पनि राज्यकोषबाटै खर्च हुन्छ। पूर्वराष्ट्रपति भण्डारीले भने आवास र गाडी सुविधा लिएकी छैनन्। त्यसबाहेकका सुविधा भने भण्डारी र यादवको उस्तै छ। यदि सक्रिय राजनीतिमा आउन चाहेको हो भने पूर्वराष्ट्रपतिको हैसियतमा राज्यबाट पाउँदै आएको सम्पूर्ण सेवासुविधा त्याग्नुपर्ने विश्लेषक रोक्का बताउँछन्।

'पूर्व राष्ट्रपतिले राजनीति गर्नु हुँदैन भनेर संविधान र कानुनमा लेखिएको छैन', उनले भने, 'तर सक्रिय राजनीतिमा आउने हो उहाँहरूले पूर्वराष्ट्रपतिको हैसियतले पाउने सम्पूर्ण सेवासुविधा त्याग्नुपर्छ।' तर संविधानविद् डा. चन्द्रकान्त ज्ञवाली भने सुविधा त्याग्नै पर्ने वा निरन्तर रहने भन्नेमा संविधान र कानुन मौन रहेकोले यसमा सर्वोच्च अदालतको व्याख्या नै अन्तिम हुन्छ। 'पूर्वराष्ट्रपति फेरि कुनै एक पार्टीको सदस्य भए पूर्वराष्ट्रपतिको हैसियतमा पाउँदै आएको सेवा-सुविधा के हुने भन्ने कहीँ कतै छैन', उनी भन्छन्, 'यी कुरामा संविधान र कानुन मौन भएकालेले कसैले मुद्दा हाल्यो भने सर्वोच्च अदालतले व्याख्या गर्ला।'

# बैंकिङ क्षेत्रमा थपिए कर्जाका १९ हजार नयाँ ग्राहक

काठमाडौं। बैंकिङ क्षेत्रमा तीन महिनाको अवधिमा करिब १९ हजार नयाँ ऋणी थपिएका छ। चालु आर्थिक वर्ष २०८१/८२ को तीन महिनामा बैंकहरूमा १ प्रतिशत अर्थात् १८ हजार ९६४ नयाँ ऋणी थपिएर कुल १९ लाख १२ हजार २३४ ऋणी ग्राहक रहेका छन्। गत असारसम्म १८ लाख ९३ हजार २७० ऋणी ग्राहक थिए।

समीक्षा अवधिमा वाणिज्य बैंक र फाइनान्स कम्पनीले नयाँ ऋणी थप्दा विकास बैंकमा भने ऋणीको संख्या घटेको देखिन्छ। यस अवधिमा वाणिज्य बैंकहरूले कर्जातर्फ १९ हजार ८८३ नयाँ ऋण ग्राहक थपेर १५ लाख ८३ हजार ६६९ ऋणी पुऱ्याएको छ। जबकि गत असारसम्म वाणिज्य बैंकमा १५ लाख ६७ हजार ५०८ ऋणी थिए। यस्तै, फाइनान्स कम्पनीहरूले पनि तीन महिनाको अवधिमा ५१२ नयाँ ऋणी थपेका छन्। असोजसम्म फाइनान्स कम्पनीबाट ऋण लिनेको कुल संख्या ४३ हजार ६४७ पुगेको छ। जबकि तीन महिनाअघि अर्थात् गत असारमा ४३ हजार १३५ मात्रै ऋणीले फाइनान्स कम्पनीबाट ऋण लिएका थिए।

तीन महिनामा ऋणीको संख्या उल्लेख्य बढेको भएपनि कर्जाको आकार भने बढ्न नसकेको बैंकरहरू बताउँछन्। पछिल्लो समय बैंकरहरू आक्रामक रूपमा कर्जा विस्तारमा लागेका छन्। तर, स-साना रकमका कर्जामात्रै जाँदा कर्जाको आकार कम रहेको र ऋणीको संख्या बढेको हुन सक्ने एक बैंकरले बताए। विकास बैंकहरूले तीन महिनामा १ हजार ४३१ ऋणी गुमाउनु परेको छ। अर्थात् असारको तुलनामा असोजमा विकास बैंकका १ हजार ४३१ ऋणी बाहिरिएका हुन्। असोजमा विकास बैंकहरूबाट २ लाख ८१ हजार १९६ ऋणी कर्जा लिएका छन्। जबकि गत असारसम्म विकास बैंकहरूबाट २ लाख ८२ हजार ६२७ ऋणीले कर्जा लिएका थिए।

तर, विकास बैंकमा कार्यरत उच्च व्यवस्थापकहरू भने कर्जा असुली राम्रो भएकाले ऋणीको संख्या घट्न पुगेको तर्क गर्छन्। साथै, विकास बैंकका ऋणीलाई वाणिज्य बैंकहरूले तानेका कारण संख्या घट्न पुगेको उनीहरूको भनाइ छ। 'कोही ऋणीले कर्जा चुक्ता गरेर बसेका छन्, कोही ऋणी बाहिरिएका छन्, कोही ऋणीलाई वाणिज्य बैंकहरूले तानेका छन्,' लुम्बिनी विकास बैंकका नायब प्रमुख कार्यकारी अधिकृत (डीसीईओ) उमेश रेग्मीले भने, 'माहोल बनेन, व्यवसाय सुधार भएन भन्नुहुन्छ, उहाँहरू जग्गा जमीन बेच्दै कर्जा चुक्ता गरेर बस्नु भएको छ, समग्रमा कर्जाको माग छैन, पर्ख र हेरको अवस्थामा छन्।' उनका अनुसार विकास बैंकका ऋणीहरू वाणिज्य बैंकमा जाने ल्याकत राख्छन्। किनभने उनीहरूको कर्जाको आकार पनि ठूलो नै हुन्छ। त्यसैले विकास बैंकका ऋणीहरू वाणिज्य बैंकतिर गएका हुन सक्ने उनले बताए।

**३ महिनामा पौने ११ लाख निक्षेपकर्ता थपिए**

समीक्षा अवधिमा ऋणीका ग्राहकसँगै पौने ११ लाख निक्षेपका ग्राहक थपिएका छन्। चालु आर्थिक वर्षको तीन महिनामा बैंक तथा वित्तीय संस्थामा १० लाख ७९ हजार ५७८ निक्षेपतर्फका ग्राहकहरू थपिएका छन्। असोजसम्म ५ करोड ६९ लाख ७५ हजार ३५८ निक्षेप खाता रहेका छन्। जबकि गत असारमा निक्षेप खाताको संख्या ५ करोड ५८ लाख ९५ हजार ७८० थिए। समीक्षा अवधिमा वाणिज्य बैंकमा ४ करोड ८८ लाख ३६ हजार ४३२ वटा, विकास बैंकमा ७२ लाख २४ हजार ८९१ वटा र फाइनान्स कम्पनीमा ९ लाख १४ हजार ३५ वटा निक्षेप खाता रहेका छन्।

# कागेश्वरीमा सानिमा बैंकको शाखा स्थापना



काठमाडौं। सानिमा बैंक लिमिटेडले काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-५, स्थित थलीमा बैंक शाखा स्थापना गरी बैंकिङ सेवा विस्तार गरेको छ। उक्त शाखा कार्यालयको उद्घाटन कागेश्वरी मनोहरा नगरपालिकाका नगर प्रमुख उपेन्द्र कार्की, ब्रान्ड प्रवर्धक वरिष्ठ कलाकारद्वय मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्य तथा बैंकका सञ्चालक लक्ष्मी प्रपन्न निरौला र प्रमुख कार्यकारी अधिकृत निश्चल राज पाण्डेले संयुक्त रुपमा गरे। त्यसैगरी सानिमा बैंकका सञ्चालक लक्ष्मी प्रपन्न निरौला तथा प्रमुख कार्यकारी अधिकृत निश्चल राज पाण्डेद्वारा बैंकका ग्राहक तथा सरोकारवालाहरुलाई निरन्तर सहयोग तथा संरक्षणका लागि कृतज्ञता व्यक्त गरे।


## गम्भीर बहादुर हाडाको
## बृहस्पति पुस्तक प्रकाशनबाट प्रकाशित पुस्तकहरु

- गम्भीर बहादुर हाडा, अर्थशास्त्र शिक्षण विधि (Method of Teaching Economics), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड. तेस्रो वर्ष Eco.Ed. 432 तथा 439 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U. Solution, बि.एड.तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, शिक्षाको अर्थशास्त्र (Economics of Education), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष Eco.Ed. 424 को नयाँ पाठ्यक्रममा आधारित A Complete T.U. Reference Book, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, बृहत अर्थशास्त्र (Macro Economics), त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए. दोस्रो वर्षको Eco- 423 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solution, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, व्यवस्थापकीय अर्थशास्त्र र अर्थशास्त्र शिक्षामा अनुसन्धान (Managerial Economics & Research in Economic Education), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. चौथो वर्ष Eco Ed. 445 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, आर्थिक विश्लेषण (Economic Analysis), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. प्रथम वर्ष Eco Ed. 416 तथा 418 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. प्रथम वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, विकास अर्थशास्त्र र नेपालको अर्थशास्त्र (Development Economics & Nepalese Economics), त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत बि.ए. तेस्रो वर्ष Eco 314 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७५, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सम्यक पोखरेल, आधुनिक अर्थशास्त्र (Modern Economics), Completely Based on HSEB Economics Curriculum (A Complete Reference Book with HSEB/NEB Solutions, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७६, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, नेपालको अर्थव्यवस्था (Nepalese Economy), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष Eco Ed. 422 तथा 428 को नयाँ पाठ्यक्रममा आधारित With Model Questions & Solutions, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त (Public Finance), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष Eco 425 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, अन्तर्राष्ट्रिय अर्थशास्त्र (International Economics), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.तेस्रो वर्ष Eco.Ed.434 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त, वित्तीय व्यवस्था र अन्तर्राष्ट्रिय व्यापार (Public Finance, Financial System & International Trade), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत बि.ए.तेस्रो वर्ष Eco -314 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७८/७९, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, शिक्षाको अर्थशास्त्र (Economics of Education), त्रि.वि. शिक्षा शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्.दोस्रो वर्ष Eco. Ed. 424 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, विकास र योजनाको अर्थशास्त्र (Economics of Development & Planning), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.दोस्रो वर्ष Eco.Ed. 423 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, अर्थशास्त्र, पाठ्यक्रम विकास केन्द्रद्वारा जारी अर्थशास्त्र (३०४) को नयाँ पाठ्यक्रममा आधारित A Complete NEB Reference Book on, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि., कक्षा १२, २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, मुद्रा, वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय व्यापार (Money, Financial System & International Trade), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष Eco. 426 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, विकास अर्थशास्त्र, योजना र नेपालको अर्थशास्त्र (Development Economics, Planning and the Economy of Nepal), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.दोस्रो वर्ष Eco 424 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, अनुसन्धान पद्धति र प्राज्ञिक लेखन (Research Methodology & Academic Writing), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष Eco. 427 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त (Public Finance), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष Eco 425 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सरकारी वित्त र वित्तिय प्रणाली (Government Finance & Financial System), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.तेस्रो वर्ष Eco.Ed. 433 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।

# विकासमा सामाजिक न्यायको आवश्यकता तथा महत्व



– गम्भीर बहादुर हाडा
अधिवक्ता तथा सह–प्राध्यापक,
अर्थशास्त्र
भक्तपुर बहुमुखी क्याम्पस
(अवकासप्राप्त)

प्लेटोले आफ्नो न्याय सिद्धान्तको व्याख्या मनोवैज्ञानिक आधारमा गरेका छन् । उनले आफ्नो न्यायसम्बन्धी धारणा प्रतिपादन गर्नु अगाडि तात्कालीन समयमा प्रचलित न्यायसम्बन्धी परम्परावादी, क्रान्तिकारी र व्यवहारवादी सिद्धान्तको खण्डन गरेका छन् । उनले तत्काल प्रचलित सिद्धान्तहरू उपयोगी नभएको कुरा उल्लेख गरी न्यायसम्बन्धी धारणाको व्याख्या गरेका हुन् । उनले आफ्नो न्यायसम्बन्धी धारणाको व्याख्या मनोवैज्ञानिक आधारमा गरेका थिए ।

उनले उत्तमतालाई आत्मको गुणको रुपमा लिएर उत्तमताको अभिव्यक्ति सबभन्दा ठूलो गुण हो भन्दै त्यही गुणलाई कर्तव्य पालनद्वारा अभिव्यक्त गरिनु न्याय हो भनेका छन् । उनले न्यायसम्बन्धी धारणा उल्लेख गर्दा मानिसले आफ्नो रुचि र क्षमताअनुसार काम गरेर आफू र समाज दुवैको हित गर्न सक्छ भनेका छन् । उनको न्याय बाह्य बस्तु नभएर आन्तरिक बस्तु हो ।

न्याय, राज्य र नागरिकबीचको यस्तो जीवन्त कडी हो, जसको प्राप्ति र उचित वितरण व्यवस्थापनमा राज्यको समूल उपादेयता निर्भर गर्छ । न्याय पूर्ण समाजमा मात्रै लोकतन्त्र फस्टाउँछ, नागरिक साँच्चिकै सार्वभौम हुन्छन् । न्याय प्रदान गर्नकै लागि हरेक देशले न्यायिक संरचनाको निर्माण गरेका हुन्छन् । त्यस राज्यले अवलम्बन गरेको न्यायप्रणालीको सापेक्षतामा ती संरचना परिचालित हुन्छन् । राज्यले अवलम्बन गरेको न्याय प्रणाली अलगअलग हुन सक्छ, तर न्यायको मान्यता एउटै हुन्छ र न्यायको वितरण नै हरेक राज्यको प्राथमिक उद्देश्य र दायित्व हो ।

सामाजिक न्याय दुइटा शब्दहरुको सम्मिश्रणबाट बनेको छ । यसले समाजका सबै पक्षमा समान न्यायको वकालत गर्दछ एवम् समाजका प्रत्येक सदस्यहरु प्रति सम्मान र मर्यादापूर्वक तथा विभेदपूर्ण समान व्यवहार, सद्भाव एवम् सहिष्णुता कायम गरी न्याय र नैतिकतामा आधारित पुहँचयोग्य समानताको प्रवर्द्धन गर्ने एवम् बिना भेदभाव स्रोतसाधन, लाभ र अवसरहरुको समान वितरण गर्ने तथा न्यायपूर्ण समाजको निर्माण गर्ने कुरामा जोड दिन्छ ।

सामाजिक न्याय लाभ नपाउनेका लागि लाभ, अवसर नपाउनेका लागि अवसर, संरक्षणविहीनहरुको लागि संरक्षण पाउने कुराहरुको अनुभूति हो । समाजमा विद्यमान रहेको असमानता हटाई समानता, स्वतन्त्रता, अर्थपूर्ण सहभागिता, अधिकारको प्राप्ति, सामाजिक–सांस्कृतिक न्याय, सम्पत्ति, स्रोतसाधन, सुविधा, अवसर र लाभको न्यायोचित वितरणमा समान हिस्सेदारी, अंशियारी एवम् साझेदारी प्राप्त गर्ने अवधारणा सामाजिक न्याय हो । 'सामाजिक न्याय भनेको समाजमा सम्पत्ति, अवसर र सुविधाको लागि समान पहुँच हो ।' उत्पीडित, उपेक्षित वा पछाडि परेका वा पारिएका व्यक्ति वा समूहहरुलाई सबै प्रकारका सामाजिक लाभ वा अवसर समान रुपमा प्रदान गर्ने तथा सामाजिक, राजनीतिक, आर्थिक विभेदहरुको अन्त्य गर्ने विषय नै सामाजिक न्याय हो । सामाजिक न्यायले व्यक्तिले समाज/समुदाय र राज्इप्रति निर्वाह गर्नुपर्ने नागरिक कर्तव्य एवम् राज्यले व्यक्तिहरुप्रति गर्ने अभिवेदपूर्ण र न्यायोचित व्यवहारलाई समेत बुझाउँछ ।

समावेशी राज्यको राष्ट्रिय विकासको मूलधारमा समाहित नभएका वर्गलाई कानूनद्वारा सुरक्षा र तिनको न्यायमा पहुँच पुऱ्याउनुपर्ने दायित्व हुन्छ । यसै सन्दर्भलाई लिएर नेपालको संविधान, २०७२ ले ३१ वटा मौलिक हकको प्रत्याभूति गरेको छ । त्यसमध्ये धारा १६ मा व्यक्तिले बाँच्न पाउने मात्र होइन, सम्मानपूर्वक बाँच्न पाउने अधिकारसम्मको सुनिश्चितता गरेको छ । त्यसैले सामाजिक न्यायलार्य मानिसको मानव अधिकारको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन निर्माणको दिशामा निर्देशित मान्यताको रुपमा पनि लिइन्छ ।

सामाजिक न्यायले- पहिचान र सम्मान दिने, राज्यको मूलप्रवाहमा ल्याउन, वास्तविक एवम् सारभूत समानताउन्मुख विकास गर्ने, मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने, नागरिकको जन्मसिद्ध हक अधिकराको प्राप्ति र उपयोगको सुनिशिचतता दिने, समतामूलक न्याय स्थापना गर्ने, संरक्षण प्रदान गर्ने एवम् समान अवसर र लाभको न्यायोचित वितरण गर्ने आदि काम गर्दछ ।

वितरणमुखी न्याय लाभ नपाउनेका लागि लाभ, अवसर नपाउनेका लागि अवसर, संरक्षणविहीनहरूको लागि संरक्षण पाउने कुराहरूको अनुभूति हो । समाजमा विद्यमान रहेको असमानता हटाई समानता, स्वतन्त्रता, अर्थपूर्ण सहभागिता, अधिकारको प्राप्ति, सामाजिक–सांस्कृतिक न्याय, सम्पत्ति, स्रोत साधन, सुविधा, अवसर र लाभको न्यायोचित वितरणमा समान हिस्सेदारी, अंशियारी एवम् साझेदारी प्राप्त गर्ने अवधारणा नै वितरणमुखी न्याय हो ।

उपलब्ध स्रोत, साधन वा लाभ र अवसर सीमित व्यक्तिमा केन्द्रित हुन नदिई विमुख तथा विपन्न वर्गमा समेत पुग्ने गरी न्यायोचित वितरण गर्ने प्रक्रियालाई वितरणमुखी न्याय ९मष्कतचष्दगतष्खभ व्याकतष्अभ० भनिन्छ ।

सबै कुरामा समानता र सामाजिक न्याय हुनुपर्छ भन्ने कुराले सबैलाई न्याय पर्न सक्दैन बरु समानता र सामाजिक न्यायको मूल्य, दर्शन र मान्यताबमोजिम राज्यबाट कोही पनि वञ्चित हुन नपरोस् भन्ने कुरालाई बढी महत्व दिनुपर्ने हुन्छ । सबै मूल्यलाई स्वीकार गरी समाजमा धेरै पछि परेका, सामाजिक विभेदमा परेका र राजनीतिक सामाजिक अन्यायमा परेका व्यक्तिलाई राज्यको मूल प्रवाहमा ल्याउन नै सकारात्मक विभेदको नीतिबमोजिम कमजोरलाई थोरै माथि लैजान तलबाट केही समर्थन गरी उचाल्ने गरिन्छ ।

**सामाजिक न्यायको महत्व अन्तर्गत** सबैलाई निष्पक्ष र न्यायपूर्ण व्यवहार गरिएको हुन्छ । सबै अवसरको समन्यायिक वितरण अधिकार र अवसर प्राप्तिमा समान पहुँच हुन्छ । यसमा समाजका हरेक वर्ग, जात, धर्म, राजनीति, लिङ्ग आदिका आधारमा कुनै पनि प्रकारको विभेद गरिँदैन । समान खालका अवसर, सुविधा, अधिकार तथा कानून सबै वर्ग र तहलाई समान तरिकाले उपलब्ध गराउने कार्य हुन्छ । राज्यको आय तथा स्रोत र साधनको समान तरिकाको वितरण प्रणाली, समाजका विपन्न र पिछडिएका वर्ग तथा समुदायलाई विशेष सम्बर्धन र संरक्षण गरिने प्रक्रियाले सामाजिक न्याय प्राप्त गर्न सकिन्छ ।

सामाजिक न्यायले विभिन्न जाति जनजातिहरूमा रहेका मूल्य, मान्यता र परम्पराको संरक्षण र सम्बर्धनलाई पनि जोड दिन्छ । सामाजिक न्यायका कारण सामाजिक विविधताको संरक्षण र सम्बर्धन हुन सक्छ । वर्तमान लोककल्याणकारी राज्यका हरेकजसो गतिबिधि र क्रियाकलापहरू सामाजिक न्यायको स्थापनामा केन्द्रित हुनुपर्दछ भन्ने मान्यता राखिन्छ, आदि ।

न्याय, मानव सभ्यताको एउटा प्रमुख सूचक हो । समाजमा शान्ति, स्थिरता, विकास र समृद्धिका लागि न्याय अपरिहार्य हुन्छ । न्याय प्रत्यक्ष देख्न नसकिने भए पनि अनुभूति गरिने र प्राप्त गरिने विषय हो । न्याय नैसर्गिक अधिकार हो । न्यायको आधारभूत सिद्धान्त न्याय सबैका लागि पहुँचयोग्य हुनु पर्दछ भन्ने मान्यतामा आधारित छ । कार्यविधिको आधारमा न्यायलाई वितरणात्मक न्याय र उपचारात्मक न्याय गरी विभाजन गर्ने गरेको पाइन्छ । यी दुबै प्रकृतिका न्याय प्राप्तिमा नागरिकको सहज पहुँच अपरिहार्य मानिन्छ । राज्यको मुख्य उद्देश्य र दायित्व नागरिकलाई न्याय प्रदान गर्नु हो ।

न्याय प्राप्ति नागरिकको आधारभूत अधिकार हो । न्यायमा पहुँच, अधिकारलाई प्रभावकारी बनाउने एक महत्वपूर्ण माध्यम हो । यो अधिकारमा आधारित अवधारणा हो । यसलाई अरु विकास प्राथमिकता प्राप्तिको सहयोगी र समावेशी विकासको माध्यमको रूपमा लिएको पाइन्छ । राज्यले नागरिकलाई न्यायको प्रत्याभूति दिन न्यायमा सहज पहुँचलाई सुनिश्चित गर्न सक्नुपर्दछ ।

राज्यले अविभेदको सिद्धान्त, समानताको सिद्धान्त र राज्यको दायित्वको सिद्धान्तलाई अवलम्वन गर्दै न्यायमा सहज पहुँच सम्बन्धी एकीकृत नीतिमार्फत स्वतन्त्र र सक्षम संरचना निर्माण गरी रणनीतिकरूपमा स्पष्ट दृष्टिकोण र गन्तव्यसहित अगाडि बढ्नुपर्दछ । न्यायमा सबैको सहज पहुँचबाट मात्र लोककल्याणकारी राज्यको अवधारणा अनुरूप समतामूलक समाजको निर्माण हुन सक्दछ ।

संयुक्त राष्ट्र संघीय दीगो विकास लक्ष्य १६.३ ले सन् २०३० सम्म सबैलाई समान रूपमा न्यायमा पहुँच पुऱ्याउने उद्देश्य राखेको छ । यसै सिलसिलामा न्यायको खाडलको मापन सम्बन्धी वल्ड जष्टिस प्रोजेक्ट २०१९ को प्रतिवेदनमा यो न्यायको खाडलले मानव विकासलाई पछाडि पार्दछ, गरिबीको दुष्चक्रलाई थप बलियो बनाउँछ र उच्च सामाजिक दायित्व थोपार्दछ भन्ने कुरा उल्लेख गरेको छ । उक्त प्रतिवेदनले विश्वमा करीव १.५ अरब व्यक्तिले देवानी, प्रशासनिक तथा फौजदारी न्याय प्रणालीबाट न्याय प्राप्त गर्न सक्दैनन् । ४.५ अरब व्यक्तिले कानूनले प्रदान गरेको अवसरबाट वञ्चित छन् भने करिब २५ करोड ३० लाख व्यक्ति निर्मम किसिमको अन्यायमा बाँचिरहेका छन् भनी उल्लेख गरेको छ ।

नेपालमा न्यायमा पहुँचको लागि व्यक्तिको मौलिक हक, मानव अधिकारको प्रत्याभूत गर्ने संवैधानिक, कानूनी तथा संस्थागत संरचनाहरू छन् । न्यायमा पहुँचको मुख्य समस्या भनेको कानूनी सहायतामा पहुँचको समस्या हो । यस समस्यालाई समाधान गर्न निम्न बिषय सम्बोधन गर्नुपर्ने देखिन्छ : संविधानको धारा २० को उपधारा १० को मर्म र उद्देश्यपूर्ति गर्ने गरी संघीयताको स्वरुपअनुसार नयाँ कानूनी सहायता ऐन बनाउने र सो ऐनअनुसार स्वायत्त संस्थाको रुपमा संरचनात्मक व्यवस्था गर्ने । यसको नेतृत्वका सम्बन्धमा कानूनी सहायताको दायित्व सरकारको भएकोले कार्यपालिकाले गरे पनि हुन्छ । कानून मन्त्रालयको प्रदेश र जिल्लामा संरचना नभएको र कानूनी सहायता सम्बन्धी अधिकांश दैनिक कार्य अदालतसँग हुने हुँदा अदालतबाटै नेतृत्व लिँदा पनि हुन्छ ।

# Languages

**P. Pilgrim**

Where would we be without languages? It is the means of communication one with another. A dog barks, the birds sing but man has a unique ability to speak. The Bible tells us that when God created Adam and Eve, the first man and woman, he instilled in them a complete language. The first couple never had to learn how to linguistically communicate the way babies learn to speak by mimicry. They did not copy the sounds they heard and keep trying until they pronounced it correctly. We know that they spoke a complete language from the beginning because of the evidence that followed man's creation: God spoke to Adam, and Adam responded with understanding and obedience. He then used his God-given language to name the animals and speak to Eve, who understood him clearly. So where did all the other languages come from? The Bible again gives us the answer. After some time, God told man to multiply and fill the earth, sadly they didn't obey God. They were fuelled by pride and preferred to "make a name" for themselves and build a city with a high tower, hoping to enable them to remain together in defiance of God's command. The city was intended to be permanent and impressive—a fortress against any natural or supernatural attempt to disperse mankind throughout the earth. But God was displeased with their disobedience and so he judged them. He instead divided their single language into multiple language families and so the people could not understand each other.

For the first time in earth's history, there was a language barrier. Without a common language, the people who had been so adamant about staying together were now unable to even understand each other. The attempted "one-world kingdom" fractured. Construction of the city and tower ceased, and smaller groups formed from those sharing each of the new languages, and people began scattering from the area. The people stayed within their language groups as they could communicate one with another. Therefore, they separated from those groups they could not understand. Every language spoken today stems from one of those languages, each of which sprouted many branches and changed due to illiteracy, wars, colonization, immigration, science, and human progress.

While an evolutionary worldview might expect all languages to trace back to a single parent language that isn't what researchers have found. Instead, language families of today trace back to multiple unrelated parent languages—exactly what one would predict from the account in the Bible. Today there are around 7,151 languages in the world. Over 1/3 of them are found in Africa and Asia respectively.

Language helps us understand the world by allowing us to create order. We use language to name and thereby bestow identity upon animal and plant species, geologic landmarks, weather events, heavenly bodies, microscopic organisms, and every other thing we've discovered. And when we uncover something new, we bequeath to it a name and description. Beyond naming the material universe, we also have words for concepts and thoughts. Without language, we could not reason or analyse.

The fact that language is the foundation of creation is no surprise when we consider that God spoke the world into existence (Genesis 1) and that Jesus is the Word, John 1 verse 1 'In the beginning was the Word, and the Word was with God, and the Word was God.' Jesus is called the Alpha and Omega Revelations 21 verse 6 'And he said unto me, It is done. I am Alpha and Omega, the beginning and the end. I will give unto him that is athirst of the fountain of the water of life freely.' Jesus is saying I am the Word that brought all things into formation, I am the beginning of all things and I am the end of all things. The Creator's identity is wrapped up in language, and language is a primary means by which he reveals himself to mankind, through the Bible.

*pilgrimway101@yahoo.com*

Considering studying or working aboard?
Come to **Joy International Language Institute**
for all levels of
English and Spanish Language Classes
including **IELTS, PTE, TOEFL**
*Improve your conversation skills speaking with a native speaker.*
Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com




निर्माणका लागि हामीलाई सम्झनु होस्
कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस् । विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरूका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ । त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरू तान्ने कार्यहरूमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं ।
'तपाईहरूको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'
प्रविधि कन्स्ट्रक्सन प्रा.लि.
कृष्ण नगरकोटी
काठमाडौं - ११, काठमाडौं
सम्पर्क नं. ९८४१७२५६६२

## गृहमन्त्री ...

मामिला मन्त्रालयर लोकसेवा आयोगको सहमति पछि प्रहरी विधेयक मन्त्रिपरिषद्मा पेश गरेको थियो। यो विधेयकलाई मन्त्रिपरिषद्ले संसदको विधायन समितिमा पठाएको छ। विधायन समितिमा छलफल भएपछि यो विधेयक पारित हुने समाचार श्रोतले बताएको छ।

यो विधेयक पारित भएपछि सार्वजनिक शान्ति प्रवर्द्धन अपराधोकथाम नियन्त्रण गरी शान्ति सुरक्षा, एवं सुव्यवस्था कायम गर्नर अपराधको अनुसन्धान विपद व्यवस्थापन, सीमा सुरक्षार सीमा अपराध नियन्त्रणका लागि सहयोग पुग्ने बताइएको छ। २०१२ सालमा तात्कालिन प्रहरी महानिरीक्षक ज्ञानबहादुर याकथुम्बाको पालामा बनेको नेपाल प्रहरी ऐनर सशस्त्र प्रहरी ऐन २०५८ संशोधन भए संगठनलाई थप सुदृढर कार्य सञ्चालनमा सहज हुने अपेक्षा गरिएको छ। यो विधेयक पारित भएमा प्रहरीमा ३० वर्षे सेवा अवधि हट्नुका साथै प्रहरीको तल्लो दर्जाले १६ वर्षे सेवापछि अवकाश लिन पाउनेर प्रहरी संगठन समावेशीराष्ट्रिय स्वरूपको हुने गृहमन्त्रालय श्रोतले जानकारी दिएको छ। यसअघिका गृहमन्त्रीहरुले नेपाल प्रहरीर सशस्त्र प्रहरी बललाईराजनीतिकरणर दुहुनो गाई बनाएर आफ्नो स्वार्थ पूर्ति गर्दै आइरहेका थिए। भद्रर शालिन प्रकृतिका गृहमन्त्री लेखकले पेश गरेको यो विधेयक पारित भए लेखकलाई प्रहरीहरुले सधैंभरि सम्भिरहने समाचार श्रोतले बताएको छ।

## काँग्रेस ...

लिटिल एन्जल स्कूलका संस्थापक अध्यक्ष समेतरहेका श्रेष्ठ व्यवसायी पनि हुन्। उनले होटल डेल अन्नपूर्ण लगायत विभिन्न क्षेत्रमा लगानी गर्दै आएका छन्। गत २०७९ को निर्वाचनमा श्रेष्ठ चितवन-२ बाट चुनावमा होमिएरराष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्षरवि लामिछानेसँग पराजित बनेका थिए। दुईपटक संविधानसभा सदस्य भै स्वास्थ्यराज्यमन्त्री समेत उनी बनेका थिए।

उनको कृषि, हस्पिटालिटी, हाइड्रो, अस्पताल व्यवसायमार होटल तथा रिसोर्टमा लगानीरहेको समाचार सूत्रले जानकारी दिइएको छ। काँग्रेसमा नेताहरु धनीर पार्टी गरिबरहेको अवस्थामा श्रेष्ठलाई पार्टीको आर्थिक पक्ष हेर्ने जिम्मेवारी पनि दिइएको छ। व्यावसायिक पृष्ठभूमिका धनी व्यक्तिलाई काँग्रेसको कोषाध्यक्षमा मनोनित गरेपछि पार्टी गरिब नबन्ने अडकल काँग्रेसवृत्तमा गरिएको छ।

नेतृत्वर नेता जे जस्तो भए पनि पार्टी सबलर मजबुत बन्नुपर्ने काँग्रेसजनहरुको मतरहेको छ। आगामी दिनमा काँग्रेसको आर्थिक कोष बलियो हुने आशा एवं विश्वास पनि गरिएको छ। श्रेष्ठ गत मंसिर ९ गते कोषाध्यक्षमा मनोनित भएका हुन्।

## धितोपत्र ...

बोर्डको अध्यक्ष नियुक्तिमा ठूला कर्पोरेट घरानाहरु शंकर ग्रुपर विशाल ग्रुपले मुक्तिनाथ श्रेष्ठलाई लविङ गरे पनि सफल हुन सकेनन्। प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले चासोराखी अघि सरेको डा. नवराज अधिकारी पनि पर्न सकेनन्।

व्यावसायिक पृष्ठभूमिका श्रेष्ठ अर्थमन्त्री विष्णुप्रसाद पौडेलको निर्वाचन क्षेत्रका बलियो जानकार भएका व्यापारी भएकाले श्रेष्ठलाई जसरी पनि धितोपत्र बोर्डको अध्यक्ष बनाउनुपर्ने नत्र २०८४ को चुनावमा अर्थमन्त्री पौडेल निर्वाचन हार्ने संभावनारहेको जानकारहरुले बताएका छन्। अर्थमन्त्री पौडेलर नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाकी पत्नी एवं परराष्ट्रमन्त्री डा. आरजुराणा देउवाको स्वार्थ मिलेपछि श्रेष्ठले दुईजना प्रतिस्पर्धीहरुलाई पछार्न सफल भएको समाचार श्रोतले जानकारी दिएको छ।

अब ११ महिनादेखिरोकिएको बोर्डका धेरैवटा काम अघि बढ्ने बताइएको छ। आइपीओ निष्काशनका लागि हाल बोर्डको पाइपलाइनमा ७७ वटा कम्पनीरहेकाले तिनले स्वीकृत पाउने बताइएको छ। यसबाहेक ऋणपत्र-म्युचुयल फण्ड तथा हकप्रद निष्काशनको कार्यसमेतरोकिएको अवस्थामा अघि बढ्ने बताइएको छ। ५ अर्बको खेल प्रकरण भएको भनिएको धितोपत्र बोर्डको अध्यक्ष पद अब कसरी अघि बढ्ने हो त्यो भने हेर्न बाँकी नै छ।

## गौतमबुद्ध ...

पुस २७ गते सम्पन्न भएको थियो। पोखरा विमानस्थललाई चीनले बीआरआई अन्तर्गत निर्माण भएको दाबी गर्दै आइरहेको छ। चीन सरकारको ऋणमा बनेको पोखरा विमानस्थललाई सरकारले अनुदानमा परिणत गर्न अनुरोध गरेको श्रोतले बताएको छ। प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको आसन्न चीन भ्रमणको बेला ऋण मिनाहा गराउन सकेराहत हुने बताइएको छ। यता, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले पनि पोखरा विमानस्थल सञ्चालनमा चासो देखाए पनि फलदायी बन्न सकेको छैन।

नेपाल नागरिक उड्यन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीको दोहनमा परेको पोखरा विमानस्थललाई सरकारले सञ्चालनमा ल्याउन सके पर्यटकीय नगरी पोखराले थप काँचुली फेर्ने जानकारहरुले बताएका छन्। पोखरा विमानस्थलको निर्माणमा महानिर्देशक अधिकारीले ठूलोरकम घोटाला गरेको आरोप लागेको छ।

## सरकारी ...

गयो।२०७६ चैत ११ गते पहिलोपटक र २०७८ बैशाख १६ गते दोस्रोपटक लकडाउन भयो। ल्होत्सेले महानगरलाई लकडाउनको अवधिको भाडा तिरेन। महानगरले पनि भाडा छुट गरिदियो। ल्होत्सेका अध्यक्ष कुँवर ठूलो राजनीतिक पहुँच भएको व्यक्ति हुन्। अस्पताल, शैक्षिक संस्था, अपार्टमेण्ट, जग्गा प्लानिङ्ग, निर्माणलगायत हरेक क्षेत्रमा उनले हात हालेका छन्।

राजनीतिक आडमा उनले आफ्नो धन्दा चलाएका छन्। उपत्यकाका अधिकांश जग्गा प्लानिङ्ग गर्ने उनी नै हुन्। २०५४ सालमा महानगरका प्रमुख केशव स्थापित हुँदा ल्होत्सेसँग बसपार्क सञ्चालनका निम्ति सम्झौता गरियो। यति लामो समय एउटैलाई ठेक्का दिने स्थापित नै हुन्।

काठमाडौंभित्र जग्गाको मूल्य करोडौंमा खरिदबिक्री हुन्छ। त्यसैले सरकारी, गुठी, सार्वजनिक जग्गातर्फ धेरैको आँखा गएको छ। कतिपयले सस्तो मूल्यमा सरकारी जग्गा भाडामा लिएर रजाइँ चलाएका छन् भने कतिपयले दर्ता गरेर लगिसकेका छन्। सुन्दपनि अचम्म लाग्ने बाठाटाठाले गुठी संस्थानको नाममा भएको जग्गामा घर बनाएर भाडामा लगाएका छन्।

त्यसबापत उनीहरुले मासिक करोडौं भाडा असुल्छन् तर गुठी संस्थानलाई वर्षको जम्मा एक-दुई पाथी धान बुझाउँछन्। त्यतिमै गुठी संस्थानले चित्त बुझाइरहेको छ। गुठीको जग्गा राज्यको सम्पत्ति हो। संस्थानले खैचेर त्यहाँबाट पैसा उठाउन सक्ने हो भने राज्यको ढुकुटीमा कति राजश्व जम्मा होला ?

विडम्बना, सरोकारवालाको यस्तो काममा ध्यान जाँदैन। काठमाडौं महानगरको प्रमुख बालेन साहको राष्ट्रियस्तरमा मात्र भई अन्तर्राष्ट्रिय स्तरमा पनि चर्चा छ। बालेनलाई देशविदेशमा चिनिन्छ। अन्य प्रमुखले गर्न नसकेको धेरै काम उनले गरेर देखाइदिए। उनले ल्होत्सेसँग भएको सम्झौता तोड्न भने सकेनन्।

ल्होत्सेसँग भएको सम्झौता तोडेर अन्यलाई ठेक्का दिने हो भने मासिक तीन-चार करोड राज्यको ढुकुटीमा जम्मा हुन्छ। मुलुकको सबैभन्दा पुरानो विमानस्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बनेको जग्गा पशुपति गुठीको नाममा छ। गुठीले कौडीको भाउमा जग्गा भाडामा दिएको छ।

एयरपोर्टदेखि पार्किङ्ग, होटल, सटर जम्मै पशुपति गुठीको जग्गामा बनेको छ। तर, गुठीले के पाएको छ ? व्यक्तिहरुले त्यहाँ मासिक करोडौं उठाउँछन्। गुठी हेरेको हेर्यै। महानगरभित्र भएका सरकारी, गुठी, सार्वजनिक जग्गा खोज्न अब बालेन तात्नुपर्छ। हामी नेपाली कसैले सानो काम गरिदिनेबित्तिकै उनको गुनगान गाउन थाल्छौं।

त्यो उसको कर्तव्य हो भन्ने सोच्दैनौं। विगतका प्रमुखले केही नगरेकोले अहिले बालेनको पक्षमा धेरै उभिएका हुन्। उनले नगरेका होइनन्, गर्दै छन्। अब उनले सरकारी सम्पत्तिमा रजगज चलाउनेहरुलाई ठेगान लगाउन आवश्यक भइसकेको छ। सरकारी सम्पत्तिको दुरुपयोग गर्ने नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र नेपाली काँग्रेस हो।

यी दलका कार्यकर्ता सरकारी सम्पत्तिमा डेरा जमाएर बसेका छन्। आफ्नो कार्यकर्ता पोस्नका लागि कौडीको भाउमा जग्गा भाडामा दिने यिनीहरु हुन्। यता, सरकारी जग्गा सुकुम्बासीको नाममा हुकुम्बासी ल्याउने कब्जा गराउने श्रेय पनि यिनीहरूलाई नै जान्छ। जति पनि सुकुम्बासी बनेर खोला किनार छेउछाउ बसेका छन्, ती जम्मै एमालेका कार्यकर्ता हुन्।

त्यही भएर त एमाले अध्यक्ष खड्गप्रसाद शर्मा ओली माओवादीका अध्यक्ष पुष्पकमल दाहालको सरकार हुँदा भन्दै थिए,'खोला किनारको जग्गा सुकुम्बासीलाई दिए भइहाल्यो नि।' त्यति नै माया लाग्छ भने आफ्नो व्यक्तिगत सम्पत्ति दिए भइहाल्यो नि। किन सरकारी सम्पत्तिमा आँखा लगाउनुपर्‍यो?

राजनीतिक दलहरुले सरकारी सम्पत्ति आफ्नो निजीभैँ गरिरहेका छन्। मतका लागि सरकारी सम्पत्तिको चरम दुरुपयोग भएको छ। कतिपय दलका कार्यालय सरकारी जग्गामै बनेका छन्। कर्मचारीको संघसंगठनले पनि सरकारी जग्गा कब्जा गरेका छन्। विद्यार्थी संगठनहरुले पनि सरकारी जग्गामै घर बनाएका छन्।

अरु त के कुरा गर्नु, प्रधानमन्त्री स्वयंले सरकारी जग्गा व्यक्तिको नाममा पारित गर्न मन्त्रिपरिषद्बाट निर्णय गर्छन्। ओली प्रधानमन्त्री हुँदा भूमि व्यवस्थामन्त्री पद्माकुमारी अर्याल थिइन्। २०७८ बैशाख ७ र १३ गते झापाको गिरीबन्धु टी-स्टेटको जग्गा व्यक्तिको नाममा पारित गर्ने निर्णय गर्ने यी दुई नै हुन्।

देशका राजनीतिक दलहरु नै भूमाफिया हुन्। हामी देश बनाउँछौं भनेर सरकारी सम्पत्तिको दोहन गर्दैछन्। नेतादेखि कार्यकर्ता, व्यापारीदेखि सरकारी कर्मचारी जम्मैको आँखा सरकारी जग्गामै छ। सके दर्ता गरेर लगौं, नसके सस्तोमा लिएर मोज गरौं। जसरी हुन्छ सरकारी सम्पत्तिको दोहन गरौं, गरौं।

अनि यस्ता व्यक्तिले हामी समाजसेवी, राष्ट्रका लागि काम गर्छौं भन्दै भाषण ठोक्छन्। योभन्दा हाँस्यास्पद कुरा के होला ? देशमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय छ। विभाग छ। स्थानीय पालिका छन्। तर, कसैको ध्यान सरकारी सम्पत्ति खोज्नातिर छैन।

कानून व्यवसायी, भूमाफियाहरुले २०२१ र २०३२ सालमा आफ्नो जग्गा नाप्न छुटेको भन्दै सरकारी जग्गा व्यक्तिको नाममा लगिसकेका छन्। यहाँ त खोलानालाको पनि दर्ता हुन्छ। मन्त्रिपरिषद्ले दुईपटकको नापीपछि गरिएको जग्गा दर्ता खारेज गरिदिने हो भने व्यक्तिको नाममा गएको सरकारी जग्गा सरकारको नाममा आउँछ।

## उपचुनाव ...

र नेकपा (माओवादी केन्द्र) ले भने रास्वपा लगायत नयाँ दलहरुलाई देखाउने अवसरका रुपमा यो उपनिर्वाचनलाई परिणत गर्न चाहिरहेको देखिन्छ। उनीहरुले जसले जे भने पनि नयाँका कुरामात्र हो, गर्ने भनेका पुरानै हुन् भन्ने मान्यता स्थापना गर्न चाहिरहेका छन्।

यो बेला ठूला दलहरु अग्निपरीक्षामा रहेको देखिन्छ। उनीहरुले विगतमा गठबन्धनका कारण हार र जितलाई मान्यता दिइएको भन्ने कुरा यसअघि आएकाले त्यसलाई प्रतिस्थापन गराउनका लागि पनि यो निर्वाचनमा ठूला दलहरु आफ्नो जितलाई स्थापित गराउन चाहन्छन्। यो निर्वाचनमा ठूला दलहरुले विजयको माला पहिरिन पाए भने भोलिका दिनमा नयाँलाई विस्थापित गराउनका लागि यो निर्वाचन परिणाम उपयोगी हुने देखिन्छ।

पछिल्लो अवस्थामा विभिन्न दलहरु मिसन २०८४ भनी आगामी निर्वाचनमा केन्द्रित भैरहेको अवस्था छ। यसो हुँदा त्यो मिसनमा पुग्नका लागि पनि यो निर्वाचन सबै दलहरुका लागि अग्निपरीक्षाको रुपमा रहन जाने देखिन्छ। यो कुरालाई स्थापित र विस्थापित गराउने खेलमा दलहरुका बीचमा प्रतिस्पर्धा चलिरहेको छ।

यो उपनिर्वाचनको सन्दर्भमा स्वतन्त्र उम्मेदवारहरुको भीड लागेको देखिएको छ। खासगरी कीर्तिपुर न.पा.को प्रमुख तथा अन्य स्थानका प्रमुख र अध्यक्षको हकमा स्वतन्त्र उम्मेदवारहरुको भीड देखिएको छ। कीर्तिपुरको चुनावमा धरानका प्रमुख हर्क साम्पाङ आएर आफ्नो समर्थन कसैलाई रहेको भनी प्रचार प्रसारमै होमिएको पाइएको छ।

उता, कतिपयले भने बालेनको उम्मेदवार भनी आफूलाई प्रचार गर्नेहरुको लर्को लागेको छ।

### नाष्टको ४८औँ प्राज्ञसभा :

# १२ विधामा पुरस्कृत गरिने

काठमाडौं। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नाष्ट) को आज भएको ४८औँ प्राज्ञसभाले विभिन्न १२ विधामा वैज्ञानिक, प्राविधिज्ञ र प्रतिभालाई पुरस्कृत गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री निवास, बालुवाटारमा प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीका अध्यक्षतामा भएको बैठकले नाष्टका प्राज्ञको संयोजकत्वमा गठित छनोट तथा मूल्याङ्कन समितिको सिफारिसका आधारमा पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो। निकट भविष्यमा आयोजना हुने प्रतिष्ठानको वार्षिकोत्सवका अवसरमा ती पुरस्कार प्रदान गरिनेछ।

बैठकमा योगदानमा आधारित निवृत्तिभरण कार्यान्वयन, आर्थिकप्रशासन नियमावली संशोधन, २०६६ संशोधनको प्रस्तावलाई थप गृहकार्यसहित छिट्टै बस्ने प्राज्ञसभामा पेश गर्न प्रधानमन्त्री ओलीले निर्देशन दिनुभयो। उहाँले आवश्यक गुणस्तरीयरुपमा समयमा काम गर्ने प्रणाली स्थापित गर्न नाष्टका पदाधिकारीलाई आग्रह गर्नुभयो।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं नाष्टकोसहकुलपति विद्या भट्टराईले सार्वजनिक खरिद ऐनबमोजिम नाष्टका खरिदसम्बन्धी प्रबन्ध गर्न ध्यानाकर्षण गराउनुभयो। प्रतिष्ठानका उपकुलपति प्राडा दिलीप सुब्बाले आवश्यक गृहकार्य गरेर नियमावलीहरु संशोधनको प्रस्ताव ल्याइने बताउनुभयो।

# दुग्ध किसानलाई भुक्तानी

काठमाडौं। कृषि तथा पशुपंक्षी विकासमन्त्री रामनाथ अधिकारीले वर्तमान सरकार आएपछि दुग्ध किसानलाई एक खर्ब ३० करोड भुक्तानी गरेको बताउनुभएको छ। बिहीबार राष्ट्रिय सभाअन्तर्गतको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति बैठकमा बोल्नुहुँदै मन्त्री अधिकारीले यस्तो बताउनुभएको हो।

उहाँले सरकार दुग्ध विकास संस्थानलाई सुधार गर्ने पक्षमा लागेको बताउनुभयो। उहाँले असोज मसान्तसम्म किसानलाई भुक्तानी गर्नुपर्ने एक अर्ब ५८ करोड रुपियाँलाई घटाएर ५६ करोड बाँकी रहेको जानकारी दिनुभयो।

मन्त्री अधिकारीले कर्मचारीलाई उत्पादन दिनुपर्ने आठ करोड ३८ लाख, कर्मचारी तलब चार करोड ६३ लाख र सप्लाई पार्टीलाई भुक्तानी गर्नुपर्ने २३ करोड २४ लाखमध्ये अब कर्मचारीलाई उत्पादन दिनुपर्ने सात करोड २४ लाख, कर्मचारी तलब एक करोड सात लाख र सप्लाई पार्टीलाई भुक्तानी गर्नुपर्ने १३ करोड ११ लाख र भ्याट भुक्तानी तनी करोड ९४ लाख बाँकी रहेको बताउनुभयो।

उहाँले सरकारमा आएको चार महिनाको अवधिमा सरकारसँग ६० करोड र बाँकी आफैँ आम्दानी गर भुक्तानी गर्न सफल भएको जानकारी दिनुभयो। उहाँले सरकारले बिहीबारको मन्त्रिपरिषदबाट उखुको समर्थन मूल्य तोक्ने बताउनुभयो। भोलिसम्म उखुको समर्थन मूल्य सार्वजनिक हुने उहाँको भनाइ छ। उहाँले बाली बीमामा लामो समय रोकिएको पैसा यस वर्ष समयमा नै भुक्तानी दिइएको बताउनुभयो।

मन्त्री अधिकारीले भन्नुभयो, ''उखुको सन्दर्भमा मन्त्रालयले समर्थन मूल्यको लागि मन्त्रिपरिषदमा पठाएका छौं। भोलिसम्म उखुको समर्थन मूल्य बाहिर सार्वजनिक हुन्छ। उखु किसानहरु अत्यन्तै मर्कामा छन्। राज्यले किसानलाई दिनुपर्ने मूल्य असोजमा पठाइसक्यौं। यो वर्षको समर्थन मूल्य तोकेपछि त्यसको व्यवस्थापन पनि यो वर्ष नभए पनि यही समयसम्म काम अगाडि बढ्छ।''

उहाँले किसानलाई दिनुपर्ने मल समयमा उपलब्ध गराउन नसक्नुको पछाडि सरकारको भ्ञ्भटिलो कानुन भएको बताउनुभयो। उहाँले त्यसका लागि सरकारले सार्वजनिक खरिद ऐनलगायतका कानुनहरु संशोधन गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको बताउनुभयो। उहाँले कानुनहरु संशोधन आगामी संसद् अधिवेशनमा अगाडि बढ्ने जानकारी दिनुभयो।

# फिनल्याण्डका मन्त्री नेपालमा

काठमाडौं/ प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीसँग फिनल्याण्डका विदेश मन्त्रालयका वैदेशिक व्यापार तथा विकासमन्त्री भिल्ले ताभियोले बुधबार शिष्टाचार भेट गरेका छन्। प्रधानमन्त्री निवासमा भएको भेटमा दुईपीक्षय हित र आपसी सम्बन्धका विविध पक्षमा कुराकानी भएको स्रोतले जानकारी दिएको छ।

भेटको अवसरमा फिनल्याण्डका मन्त्री ताभियोले नेपालको जलविद्युत, फोहोरमैला व्यवस्थापन र पूर्वाधार विकासका क्षेत्रमा सहयोग बढाउन आफूहरू तयार रहेको बताएका थिए। यसैगरी प्रधानमन्त्री ओलीले फिनल्याण्डबाट नेपालको विकासमा हुँदै आएको सहयोगका लागि धन्यवाद दिएको पनि स्रोतले जानकारी दिएको छ।भेटमा नेपालका लागि फिनल्याण्डका राजदूत ऋना ऋक्का हेइक्का, परराष्ट्र मन्त्रालयका सहसचिव गणेश ढकाललगायत सहभागी रहेका बताइएको छ।

नेपाल र फिनल्याण्डको कूटनीतिक सम्बन्ध स्थापनाको ५० औं वर्षगाँठ पुगेको छ। सोही अवसर पारेर मन्त्री ताभियोको नेपाल भ्रमण भएको पनि जनाइएको छ।

# अव्यवस्थित शहरीकरण देशकै चुनौती : उपप्रधानमन्त्री सिंह



काठमाडौं। उपप्रधानमन्त्री एवं शहरी विकासमन्त्री प्रकाशमान सिंहले अव्यवस्थित शहरीकरण नेपालको चुनौतीको विषय बनेको बताएका छन्। बिहीबार काठमाडौंमा आयोजित एक कार्यक्रममा उनले यस्तो बताएका हुन्। उनले प्राकृतिक घटनाहरू मात्र नभई पछिल्लो समय अव्यवस्थित शहरीकरण, अनियन्त्रित र अनियोजित पहाडी भेग र नदी किनारको अतिक्रमण, खराब इन्जिनियर संरचनाहरू र अपर्याप्त डिजाइन मापदण्डहरू र निर्माण प्रविधिको कारणले पनि समस्या ब्यहोरिरहेको बताए।

उनले नेपाल बारम्बार भूमकम्पीय प्रकोपको चपेटामा परेको उल्लेख गर्दै भारी वर्षा र भारी हिमाली भूगोलले बाढी र पहिरोको जोखिम बढाएको बताए। उपप्रधानमन्त्री सिंहले हालैका वर्षहरुमा जलवायु परिवर्तनको प्रभावले हिमालयको हिउँ बढी पग्लिएको, हिमताल फुट्ने लगायतका विपद्हरु भोग्नुपरिरहेको बताए।

उनले भने, 'हामीले प्राकृतिक घटनाहरू मात्र होइन तर पछिल्लो समय अव्यवस्थित शहरीकरण, अनियन्त्रित र अनियोजित पहाडी भेग र नदी किनारको अतिक्रमण, खराब इन्जिनियर संरचनाहरू र अपर्याप्त डिजाइन मापदण्डहरू र निर्माण प्रविधिको कारणले पनि वास्तवमै सबैभन्दा बढी पीडित छौं' कोभिड-१९ को विश्वव्यापी प्रभावसँगै बाढी र पहिरो लगायतका विपत्तिले १० वर्षमा नेपालको राष्ट्रिय अर्थतन्त्रमा ठूलो असर पारेको बताए।

# डा. विकास नेपालसहित भेरी अस्पतालका दुईजना डाक्टरलाई सह प्राध्यापकको जिम्मेवारी

**रोशन ज्ञवाली**

बाँके। भेरी अस्पतालमा कार्यरत डा. विकास नेपालसहित थप दुई जना चिकित्सकले सह प्राध्यापकको जिम्मेवारी पाएका छन्। सो अस्पतालमा सबैले मनपराउने मुटुरोग विशेषज्ञ डा. नेपालले न्याम्सबाट सह प्राध्यापकको जिम्मेवारी पाएका छन् भने चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)ले



प्रसूति तथा स्त्री रोग विशेषज्ञ डा कीर्तिपाल सुवेदीलाई पनि सह प्राध्यापकको जिम्मेवारी दिएको छ।

त्यसैगरी रेडियोलोजी डा विश्वनाथ शर्मालाई पनि न्याम्सले सह प्राध्यापकको जिम्मेवारी तोकेको छ। भेरी अस्पतालमा आउने वर्षदेखि 'पिजी' कार्यक्रम संचालन गर्ने भएपछि प्रतिष्ठानले प्राध्यापकको जिम्मेवारी तोकेको हो। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, प्राज्ञिक परिषदको मंसिर २ गतेको बैठकले उनीहरुलाई जिम्मेवारी तोकेको हो।

भेरी अस्पतालका मेडिसिन विभाग प्रमुख तथा प्रमुख कन्सल्टेन्ट फिजिसियन डा.राजन पाण्डे, अर्थोपेडिक विभागमा कार्यरत अर्थोपेडिक सर्जनहरु डा. तिर्थेन्द्र खड्का र डा प्रकाश थापाले पनि सह प्राध्यापकको जिम्मेवारी पाएका छन्। डा. खड्का अर्थोपेडिक विभाग प्रमुख हुन भने डा. थापा अस्पतालका पूर्व मेसु हुन। एकेडेमीक उपाधी पाउने डाक्टरहरुले भेरी अस्पतालमा एमडी-एमएस अध्ययनका लागि आउने विद्यार्थीहरुलाई 'गाइड' सो अस्पतालले जनाएको छ।

सप्तर्षि पब्लिकेशन प्रा.लि.
Saptarshi Publication Pvt. Ltd.
Chabahil-7, Kathmandu, Nepal
9851120322, 9841800633
saptarshipub2080@gmail.com
Our Services:
All Kinds of Printing Solution.
छपाईको लागि: 9841263302, 9841475151

# बालसाहित्य समाजको राष्ट्रिय सम्मेलन




घोराही/ नेपाल बालसाहित्य समाजको २९औं राष्ट्रिय सम्मेलन दाङको घोराहीमा सम्पन्न भएको छ। गत शुक्रबार र शनिबार सम्पन्न सम्मेलन भव्य र सभ्य रुपमा सम्पन्न थिए। सो कार्यक्रममा समाजका संस्थापक अध्यक्ष प्रा.डा.चूडामणि बन्धु, पूर्वअध्यक्षहरु प्रा.डा.कपीलदेव लामिछाने, डा.हरिप्रसाद भण्डारी, प्रा.डा. ध्रुव घिमिरे, तेज प्रकाश श्रेष्ठ लगायतको सहभागिता थियो।

कार्यक्रमको उद्घाटन सत्रमा संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा.भीमप्रसाद खतिवडाले विशिष्ठ अतिथिको रुपमा मर्मस्पर्शी मन्तव्य राख्नु भएको थियो।यसैगरी ९४ वर्षको भएर पनि युवाजोशका साथ प्रमुख अतिथि नारायणप्रसाद शर्माले अहिले समाज आधुनिकताको नाममा भाँडिदै गएको अवस्थालाई दृष्टिगत गरी बालबालिकाको भविष्यका लागि सबै सरोकारवालाले समयमै सोच्नुपर्ने धारणा राखेका थिए।

समाजका महासचिव विजयराज आचार्यले जानकारी दिएका छन्। समाज स्थापना भएको ३७ वर्षको दौरानमा २९ वटा राष्ट्रिय सम्मेलनहरु विभिन्न जिल्लामा गरिएको जानकारी उनले दिए।

राष्ट्रिय सम्मेलनको आयोजक समितिमा स्थानीय जिल्लाका सरोकारवालाहरुलाई राख्ने गरिने प्रचलन रहेको बताइएको छ। राष्ट्रिय सम्मेलनमा काठमाडौंमा रहेका बालसाहित्यकारहरु पनि सहभागी हुने गरेका छन्। यसक्रममा उक्त सम्मेलनमा काठमाडौंबाट करिब ५० जना बालसाहित्यकारहरु सहभागी रहेको बताइएको छ। उक्त सम्मेलनमा बंगलादेशबाट पनि सहभागिता जनाइएको थियो।

सम्मेलनले ५ बुँदे दाङ घोषणापत्र सार्वजनिक गरेको छ। सम्मेलनका दौरानमा विभिन्न विद्यालयबाट सहभागी भएका विद्यार्थीहरुलाई विभिन्न किसिमका तालिमहरुमा सहभागिता गराइएको थियो। यसैगरी विभिन्न ६ वटा विषयमा प्यालनमा छलफल कार्यक्रम पनि राखिएको थियो। एउटा प्यानल छलफल कार्यक्रममा 'नयाँ विमर्श' साप्ताहिकका सम्पादक कौशल कुमार भट्टराईको पनि सहभागिता रहेको थियो।

सम्मेलनमा सहभागीहरुलाई



भएको स्थानीय मूल आयोजक समितिका सदस्य सचिव सूर्य बि.सि.ले जानकारी दिए।

गत शुक्रबार भएको उद्घाटनसत्रको नेपाल प्रेस काउन्सिलका पूर्वअध्यक्ष एवम् बौद्धिक व्यक्तित्व नारायणप्रसाद शर्माले उद्घाटन गरेका थिए। सो उद्घाटन सत्रमा दाङका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्साललगायतको सहभागिता रहेको थियो।

गोर्खा इन्टरनेशनल स्कुलको प्रांगणमा सम्पन्न उद्घाटन तथा समापन समारोहको अध्यक्षता समाजका अध्यक्ष प्रमोद कुमार प्रधानले गरेका




समाजले हरेक वर्ष जसो राष्ट्रियभेला गर्ने गरेको जानकारी



गोरखा इन्टरनेशनल विद्यालयका शिक्षक तथा कर्मचारीहरुले व्यवस्थापनको जिम्मेदारी कुशलतापूर्वक सम्हालेको बताइएको छ।

सोही विद्यालयले दाङ जिल्लाभन्दा बाहिरबाट सहभागिता जनाएकाहरुलाई खानपान, बसोबास तथा भ्रमणको व्यवस्थापनको व्यवस्था मिलाएको थियो। सो कार्यका लागि विद्यालयका प्राचार्य मानसिंह घर्ती मगर, वसन्त पुन तथा मूल आयोजक समितिका संयोजक डा. टीकाराम उदासीको सक्रियता प्रसंशनीय रहेको भनी सहभागीहरुले बताएका छन्।

# फिल्म सोसाइटीमा मल्लको नेतृत्व

धुलिखेल/ नेपाल फिल्म सोसाइटीको केन्द्रीय अध्यक्षमा अभिनेता कृष्ण मल्ल पुनः निर्विरोध निर्वाचित भएका छन्। सोसाइटीको १२औं साधारण सभाबाट मल्ल अध्यक्षमा पुनः दोहोरिएका हुन्।

सोसाइटीको प्रथम उपाध्यक्षमा निर्माता मोहनकृष्ण श्रेष्ठ, द्वितीय उपाध्यक्षमा नारायण प्रधान र तृतीय उपाध्यक्षमा राकेश खड्का निर्वाचित भएका छन्।यसैगरी महासचिवमा राजेन्द्रकुमार बिसुराल, सचिवमा टङ्कनाथ पौडेल र कोषाध्यक्षमा शङ्करलाल श्रेष्ठ, सह-कोषाध्यक्षमा दुर्गा बिसुराल चयन भएका सोसाइटीले जनाएको छ। यस्तै, सदस्यहरुमा सुनिल कटुवाल, मदुकुमार श्रेष्ठ, गोपालकाजी कायस्थ, शिवहरि बैरागी, शर्मिला मल्ल, आर.पी. पन्त र सुभाष खड्का सर्वसम्मत चयन भएका छन्।



निवार्चित भएपछि अध्यक्ष मल्लले नेपाली कलाकारिताको विकासमा आफू कटिबद्ध भइ लागिपर्ने र नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउन अझ बढी खटिने बताए। यहाँ स्थित एक रिसोर्टमा भएको साधारण सभाको धुलिखेल नगरपालिकाका नगरप्रमुख अशोक ब्याञ्जु श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको थियो।कार्यक्रममा अभिनेत्री बसुन्धरा भुसाल, बरिष्ठ लोक गायक प्रेमराजा महत, नेपाल चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला, निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुली, लक्ष्मण न्यौपाने र अभिनेत्री करिश्मा मानन्धरको उपस्थिति थियो।




KEEN
SMART LIVING

दूर दृष्टि डिजिटल प्रा.लि.

## आगो, हिटर वा गिजर प्रयोगमा होरियारी अपनाऔं

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगोवा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेरमात्र सुतौ,
- आगो, हिटर र बिजुलीको काम सकिने वित्तिकै बन्द गरौं,
- गिजरलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा मेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं

नेपाल सरकार
विज्ञापन बोर्ड

Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**

Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**